राजनीतिक दलको घोषणापत्रमा आर्थिक दूरदर्शिताको अभाव | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २४४ • २०८० साल माघ १७ गते बुधबार (31 January, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# शासक वर्गको उपेक्षाका कारण मधेश पछि पर्‍यो : अध्यक्ष यादव

**संजीवकुमार झा**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले शासक वर्गको उपेक्षाका कारण मधेश पछि परेको बताएका छन् । मधेशलाई पछाडि पार्न शासक वर्गहरुले मधेशी, आदिवासी, जनजाति लगायतका महिला वर्गलाई विभिन्न बहानामा राजनीतिबाट टाढा राखेर आफ्नो स्वार्थ सिद्ध गरेको आरोप उनले लगाए ।



समाजवादी महिला संघ मधेश प्रदेश समितिको जनकपुरधाममा जारी दुई दिवसीय प्रशिक्षण कार्यक्रमको मंगलवार उद्घाटन गर्दै अध्यक्ष यादवले शासकवर्गको मधेश प्रतिको विभेदकारी नीतिका कारण मधेश, शिक्षा, स्वास्थ्य, रोजगार जस्तो आधार भूत क्षेत्रमा पछि परेको दाबी गरे ।

मधेशी जनताले शासक वर्गको प्रवृत्तिविरुद्ध गरेको विद्रोहको बलमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भए पनि केन्द्रीकृत मानसिकता बोकेका शासकवर्गको मधेश प्रतिको प्रवृत्तिमा अझै सुधार आउनुपर्ने बताए ।

'नेपाली शासक वर्गले मधेशप्रतिको दृष्टिकोण फेर्न आवश्यक छ ' उनले भने, आफ्नै देशमा विभेद मुक्तिका लागि पटकपटक लड्नु पर्दा परिणाम अकल्पनीय हुनसक्छ ।

शासक वर्गकै कारण मधेशमा पटक पटक आन्दोलन गर्नु परेको र मुलुकमा गणतन्त्र स्थापना भएको बताउँदै उनले गणतन्त्र स्थापनाकालागि शहादत दिएकाहरु प्रति श्रद्धाञ्जली समेत अर्पण गरे ।

'समथल भू-भाग , उर्वर भूमि जस्ता विकासका आधारभूत तत्वहरु मधेशमा भए पनि सबै क्षेत्रमा मधेश पछि पर्नुको एक मात्र कारण विगतका गलत नीति, योजना र विभेदकारी शासन प्रणाली रहेको छ ' उनले भने-'मुलुक संघीय शासन प्रणालीमा गए पनि विभेद उन्मूलन हुन सकेको छैन् ।'

मधेश प्रदेशलाई दिने बजेट लगायतको सेवा सुविधामा समेत विभेद भइरहेको आरोप लगाउँदै अध्यक्ष यादवले भने-'विभेद अन्त्य नभए सम्म मधेश विकास निर्माणमा फड्को मार्न सक्दैन् ।'

समाजवादी महिला संघका प्रदेश अध्यक्ष एवं प्रदेश सभासद संजिला यादवको अध्यक्षतामा भएको उक्त उद्घाटन सत्रमा अर्थमन्त्री संजयकुमार यादवले मधेशी महिलाहरु घरबाट बाहिर निस्कनु पर्ने धारणा राखेका थिए । उनले मधेशी महिला हरेक क्षेत्रमा दक्ष भए पनि राजनीतिमा पछाडि पर्नुपर्ने बाध्यात्मक परिस्थितिलाई पार गर्न आफै अगाडि आउनुपर्नेमा जोड दिए ।

'मधेश प्रदेशमा महिलाहरुको उत्थानका लागि सरकारले विभिन्न कार्यक्रमहरु ल्याएको छ' उनले भने-'हरेक क्षेत्रमा महिलाको सहभागीता बढाउन प्रदेश सरकारले प्राथमिकताका साथ काम बढाएको छ ।'

कार्यक्रममा खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता साहले मधेश आन्दोलनमा महिलाहरुले महत्वपूर्ण भूमिका निर्वाह गरे पनि राजनीतिमा अवसरबाट बञ्चित गरिएको बताइन् । 'हरेक निकायमा महिलाको ५० प्रतिशत सहभागिता अनिवार्य हुनुपर्छ' उनले भनिन्-'मधेश प्रदेश सरकारमा २ जना मात्र महिला मन्त्री रहेका छन् ।' कार्यकारी अधिकार नदिएसम्म महिला राजनीतिमा सक्रिय नहुने बताउँदै मन्त्री साहले आगामी निर्वाचनहरुमा पुरुष जस्तै महिलालाई पनि प्रत्यक्ष निर्वाचनमा सहभागी गराउन आग्रह गरिन् ।

जसपा राजनीतिक समिति सद्स्य एवं समाजवादी महिला संघकी केन्द्रीय अध्यक्ष निर्मला यादव, राजनीति समिति सदस्य संघीय सांसद रेखा कुमारी यादव लगायतका नेताहरुले कार्यक्रमलाई सम्बोधन गरेका थिए । बुधबार सम्म चल्ने प्रशिक्षणमा मधेश प्रदेशका आठवटै जिल्लाबाट एक सय भन्दा बढी महिला नेतृहरुको सहभागीता रहेको छ ।

# भट्टराई विरुद्ध ४४० लाखको मुद्दा

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका शाखा अधिकृत मिन बहादुर भट्टराईबिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मंगलवार मुद्दा दर्ता गरेको छ ।

भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरका तत्कालीन मालपोत अधिकृत रहेका भट्टराईविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

उनले गैर कानुनी रूपमा ४ करोड ४० लाख १५ हजार ९ सय २५ रुपैयाँ ८६ पैसा आर्जन गरेको देखिएको अख्तियारले दर्ता गरेको मुद्दामा उल्लेख छ ।

उनको वैध आय ५ करोड ९४ लाख ६७ हजार १ सय ४८ रुपैयाँ १० पैसा देखिएपनि कुल सम्पत्ति भने १० करोड २३ लाख ९२ हजार २ सय ८८ रूपैयाँ पन्ध्र पैसा देखिन आएको दायर आरोप पत्रमा उल्लेख छ ।

जाडोमा लिनुपर्ने सावधानीहरु

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरूरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरूरी हुन्छ ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

औरही नगरपालिका
औरही, महोत्तरी, मधेश प्रदेश

हार्दिक आमंत्रण

जनकपुरधाम साहित्यकला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०८० एहि माघ १८ गतेसँ २२ गतेधरि होबए जा रहल अछि । माघ १८ गते भोरक ९ बजे रङ्गभूमि मैदान बाह्रबिघासँ झाँकी नगर दर्शनक संगहि पाँचुदिन महेन्द्र नारायण निधि संस्कृति केन्द्र, जनकपुरधाममे राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, कला, भाषा, साहित्य आदि विषयपर विज्ञवक्ता लोकनिद्वारा विमर्श, कला-कार्यशाला, ख्यातिप्राप्त कलाकारद्वारा प्रत्येक दिन सांस्कृतिक कार्यक्रम, नेपाल आ भारतक नाट्य समूहसभद्वारा नाट्य प्रस्तुति हएत । एहि सम्पूर्ण कार्यक्रममे सहभागीताक लेल अपने सादर आमंत्रित छी ।

एहि कार्यक्रमसभमे सहभागी भ कार्यक्रमक शोभा बढा देबाक लेल हार्दिक अनुरोध अछि ।

सहआयोजक
जनकपुरधाम उपमहानगरपालिका

आयोजक
मैथिली विकास कोष, जनकपुरधाम
उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश

मधेश प्रदेशको राजधानी सांस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE

विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठूलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर,
जनकपुरधाम-८, धनुषा



# पुनःस्थापनाका पर्खाइमा पाँच हजार बढी मुक्त कमैया

टुडे समाचारदाता

गोदावरी। सुदूरपश्चिममा पाँच हजार बढी मुक्त कमैया, हलिया तथा कमलरी पुनःस्थापनाको पर्खाइमा रहेका छन् । आर्थिक वर्ष २०७५/०७६ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुक्त कमैया, हलिया र कमलरी व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण गरेपछि स्पष्ट कानुन नहुँदा हालसम्म पुनःस्थापना हुन नसकेको हो ।

मुक्त कमैया समाजका अध्यक्ष पशुपति चौधरीका अनुसार कैलालीमा अझै एक हजार पाँच सय र कञ्चनपुरमा सात सय ५० छुट मुक्त कमैया रहेका छन् । छुट भएका मुक्त कमैयाको लगत सङ्कलन र प्रमाणीकरण बाँकी रहेको उनले बताए ।



कैलालीमा हालसम्म जमिन पाउन बाँकी नौ सय ५३ जना, कञ्चनपुरमा एक सय २९ जना मुक्त कमैया रहेको तथ्याङ्कले देखाएको छ । सुदूरपश्चिममा अझै दुई हजार मुक्त हलियालाई पुनःस्थापना गर्न बाँकी रहेको राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष ईश्वर सुनारले जानकारी दिए ।

कैलालीमा चार हजार ७४ मुक्त कमलरीमध्ये परिचय प्राप्त गरेका कमलरी दुई हजार पाँच सय, परिचय प्राप्त गर्न बाँकी एक हजार पाँच सय ७४ जना रहेको मुक्त कमलरी समाजले जनाएको छ । समाजको तथ्याङ्कअनुसार अझै एक हजार तीन सय सात जनाको लगत सङ्कलन र प्रमाणीकरण हुन बाँकी छ । यस्तै कञ्चनपुरमा एक हजार ६७ मुक्त कमलरीमध्ये परिचय प्राप्त गरेका कमलरी तीन सय ६२, परिचय प्राप्त गर्न बाँकी आठ सय पाँचजना र चार सय २५ जना मुक्त कमलरीको लगत सङ्कलन र प्रमाणीकरण हुन बाँकी छ ।

पुस्तौँदेखि बँधुवा मजदुरसरह जीवन बिताउँदै आएका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लास्थित मुक्तकमैयालाई तत्कालीन सरकारले २०५७ साउन २ गते मुक्त घोषणा गरेको थियो ।

त्यस्तै २०६५ साल भदौ २१ गते हलियाहरूलाई मुक्त घोषणा गरिएको थियो भने २०७० असार १३ गते नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले कमलरी मुक्ति घोषणा गरेको थियो । मुक्त कमैया, हलिया तथा कमलरीहरूको आव २०७५/७६ देखि पुनःस्थापनाको काम रोकिएको जनाइएको छ ।

पुनःस्थापनाको कार्य अघि बढाउने प्रदेश सरकारको तयारी

सुदूरपश्चिम प्रदेश सरकारले मुक्त कमैया, हलिया र कमलरीहरूको पुनःस्थापनाको कार्यलाई अघि बढाउने भएको छ ।

प्रदेश सरकारले मुक्त कमैया, हलिया तथा कमलरी पुनःस्थापना कार्यविधि, २०८० ल्याएर सो कार्य अघि बढाउने भएको हो । कार्यविधिको मस्यौदा निर्माण भई थप प्रक्रियाका लागि आर्थिक मामिला र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा पेस भएको छ ।

मुक्त कमैया समाजका अध्यक्ष एवं मस्यौदा निर्माण कार्यदल सदस्यसमेत रहेका पशुपति चौधरीले कार्यविधि पारित भएपछि पुनःस्थापनाको कार्यले गति लिने बताए । कार्यविधि पारित भई कार्यान्वयनमा आएपछि कैलाली र कञ्चनपुर मुक्त कमैया, कमलरी र प्रदेशका अन्य जिल्लामा रहेका मुक्त हलियाको पुनःस्थापना हुने जनाइएको छ ।

मस्यौदा कार्यविधिअनुसार सम्बन्धित स्थानीयले छुट मुक्त कमैया, कमलरी र हलियाहरूको लगत सङ्कलन गर्नेछ । जसको प्रमाणीकरणसमेत स्थानीय तहमार्फत प्रमाणीकरण भई प्रदेश सरकारमार्फत परिचयपत्र वितरण हुने व्यवस्था गरिने भएको हो । प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा आवास निर्माणको व्यवस्था हुने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिमा परिचय प्राप्त गर्नेलाई रु तीन लाख ५० हजार आवास निर्माण अनुदान दिइने भनिएको छ ।

प्रदेश सरकारले चालु आव २०८०/ ०८१ मा मुक्त कमैया, कमलरी र हलियाको क्षमता अभिवृद्धि तथा व्यवस्थापनाका लागि रु एक करोड बजेट विनियोजन गरेको छ ।

यसैगरी प्रदेश सरकारले चालु आवमा गरिब, विपन्न, सहिद तथा बेपत्ता परिवार, अपाङ्गता, महिला, दलित, मुक्त कमैया, कमलरी, हलिया र सीमान्तकृत वर्ग तथा जेहेन्दार विद्यार्थीका लागि उच्च शिक्षा र चिकित्सा शिक्षामा पहुँच बढाउन प्राविधिक शिक्षा छात्रवृत्तिका लागि रु चार करोड ८६ लाख विनियोजन गरेको छ ।

# सामग्री अभाव

टुडे समाचारदाता

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-११ अमरपुरमा रहेको सरस्वती माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको वन विज्ञान शिक्षा कक्षाका विद्यार्थीका लागि प्रयोगात्मक सामग्री अभाव रहेको छ ।

विद्यालयसँग आर्थिक अभाव हुँदा प्रयोगात्मक सामग्री जुटाउन नसकिएको हो ।


विद्यार्थिलाई सैद्धान्तिक ज्ञान दिने कार्य भइरहे पनि प्रयोगात्मक सामग्रीको अभाव रहेको विद्यालयका प्रशिक्षक शिक्षक पुष्कर ऐरले बताए ।

"प्रयोगात्मक सामग्री अभाव हुँदा विद्यार्थीलाई व्यावहारिक शिक्षा दिने कार्यमा अप्ठेरो परिरहेको छ", उनले भने, "निकै लामो समयदेखि माग गर्दै आए पनि व्यवस्था हुन सकेको छैन ।"

उनका अनुसार विद्यार्थीलाई प्रयोगात्मक कार्य सिकाउनका लागि रेन गेज, साभेल, माइक्रोस्कोप, ओभन, क्लिनोमिटर, चेनस, पोलि हाउस, चेन, ट्री क्यालिपर, डाइमिटर टेप, स्पिडो मिटर, स्पिडे, स्नोभेल, वाइनाकुलरलगायत सामग्री अभाव रहेको छ ।

विद्यालयसँग फाउडा, कोदालो, स्मार्ट बोर्ड, बन्चरोलगायत सामग्री भए पनि ती पनि पर्याप्त मात्रामा नरहेको उनँले बताए ।

# जलाद नदीको पुल निर्माण अलपत्र



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-७, इच्छापुरस्थित जलाद नदीमा पुल निर्माणको काम अलपत्र परेको छ । ठेकेदार पक्षले बेवास्ता गर्दा निर्माण सुरु गरेको सात वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न भएको छैन् ।

मिथिलामध्यमा परिक्रमा सडकखण्डसँग जोडिएको जलाद नदीमा पुल निर्माणमा ढिलाइ हुँदा इच्छापुर, दिगम्बरपुर, पर्वता, उमाप्रेमपुर लगायत दर्जनौं गाउँका बासिन्दा समस्या भोग्दै आएका छन् । बर्षायाममा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको यहाँका स्थानीयवासी बताउँछन् । पुल नबन्दा हरेक वर्ष वर्षायाममा सो नदीले बगाएर सर्वसाधारणले ज्यान गुमाउने गरेको र आउन जान सास्ती खेप्नुपरेकाले उनीहरूको भनाइ छ ।

सडक डिभिजन कार्यालय जनकपुरधामका अनुसार २०७६ पुस १९ गते पुलको काम सम्पन्न गर्नेगरी २०७४ असार १९ गते ठेक्का दिइएको थियो । ठेक्काको समयसीमा नाघेपछि २०८० साल असार मसान्तसम्म म्याद थप गरेको थियो । म्याद गरिएपनि निर्माण कम्पनीले हालसम्म पुल निर्माणको कामलाई अगाडि बढाएको छैन ।

सो पुल निर्माणको ठेक्का पप्पु कमल जेभी निर्माण कम्पनीले पाएको छ । पुलको लम्बाई १२० मिटर र चौडाइ ११ मिटर छ । निर्माण कम्पनीले १२ करोड ३५ लाख ६३ हजार २२४ रुपैयाँमा निर्माणको जिम्मा पाएको छ ।

डिभिजन सडक कार्यालय जनकपुरधामका सूचना अधिकारी एवम् इन्जिनियर विवेक झाले ठेकेदारको लापरबाहीले पुल निर्माणको काममा ढिलाइ भएको बताए । पटक-पटक ताकेता गर्दा पनि ठेकेदार कम्पनीले पुल निर्माणमा सक्रियता नदेखाएको उनले जानकारी दिए । उनका अनुसार ५३ प्रतिशत पुल निर्माणको काम भएको छ ।

यता, ठेक्का सकार गरेको अढाई वर्षमा बन्नुपर्ने पुल सात वर्षमा पनि नबनेपछि स्थानीयले तत्काल पुल निर्माणको माग गर्दै पटक-पटक दबाब कार्यक्रम गरेका छन् । माघ ३ गते स्थानीय बुद्धिजीवी तथा युवाले ढल्केवर-जनकपुरधाम सडकखण्डको महेन्द्रनगर चोकमा 'जलाद नदीको अलपत्र पुल छिटो निर्माण गर' का नारा लगाउँदै आधा घण्टा चक्का जाम गरेका थिए ।

दबाब मूलक प्रदर्शन पश्चात् स्थानीय प्रदर्शनकारी र सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख अरुणकुमार लाल कर्णको अध्यक्षता सोही दिन बसेको बैठकले २०८१ जेठ भित्र निर्माण सम्पन्न गर्ने काम अगाडि बढाउने सहमति बनेको थियो ।

त्यसका बाबजुद निर्माण कम्पनी काम सुरु नगरेपछि स्थानीय युवाको एक समूहले मंगलबार धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

# शहीदको योगदानलाई कलामार्फत जीवन्त तुल्याउने प्रयास

टुडे समाचारदाता

काठमाडौँ । शहीद दिवसको अवसर पारेर नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमा 'राष्ट्र निर्माणमा शहीदको बलिदान' विषयक चित्रकला कार्यशाला तथा कला प्रदर्शनी आयोजना गरिएको छ ।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले कार्यशालामार्फत शहीदले समाज र देश निर्माणमा पुऱ्याएको योगदानलाई स्मरण गरिएको बताए । उनले भने, "कार्यशालामा शहीदको योगदानलाई कलाकृतिमार्फत जीवन्त तुल्याउने प्रयास गरिने छ ।"

प्रतिष्ठानका पूर्वकुलपति कान्छाकुमार कर्माचार्यले शहीदको योगदान एवं बलिदानले नै देशमा आमूल परिवर्तन आएको धारणा राखे । उनले भने, "यो कार्यक्रम ज्यादै गहकिलो छ, भावी सन्ततिका लागि शहीदहरूले देशका लागि गरेको बलिदानको समेत स्मरण गराउन मद्दत पुऱ्याउनेछ ।" प्रतिष्ठानको समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय वान्तवा राईले कार्यशालामा सिर्जित कलामार्फत शहीदहरूले राष्ट्र निर्माणका लागि दिएको बलिदानको सम्झनालाई स्थायी बनाउन सहयोग पुऱ्याउने बताए ।




कार्यशालामा कलाकार भीमबहादुर श्रेष्ठ, रेनुका महर्जन, सुरेम देशार, विवेक मुकारुङ, चन्द्रा श्रेष्ठ, लीलाधर केसी, पाल्साङ्मो लामा, दिनेश्वर महतो, सञ्जय वान्तवा राई, अरुणा हिङमाङ, सङ्गी श्रेष्ठ र जुपिटर प्रधानको सहभागिता रहेको थियो ।

यसैगरी, कार्यशालामा राकेशचन्द्र श्रेष्ठ, दीपेन्द्रमान बनेपाली, किशोर नकर्मी, विनोदकुमार गुप्ता, एनबी गुरुङ, केशवराज खनाल, श्यामसुन्दर यादव, विक्रम प्रजापति, नारायणप्रसाद बोहजु, नेमबहादुर तामाङ, सुदन सिङ, विपना महर्जन, अशुराम खाइजु, राजकुमार राना, कान्छाकाजी भासिमा, मङ्गोलपुत्र, मनरा प्रजापति, राजेन्द्र याकामीलगायत कलाकारको सहभागिता रहेको छ ।

सोमबारदेखि सुरु भएको कार्यशालामा सिर्जित कलाकृति प्रतिष्ठानमा मंगलबारदेखि नै प्रदर्शनमा राखिँदैछ । उक्त प्रदर्शनीयही माघ २२ गतेसम्म रहने उक्त कार्यक्रमका संयोजक दीपेन्द्रमान बनेपालीले जानकारी दिए ।

# दोस्रो एओजी नाइट राइड सम्पन्न



**टुडे समाचारदाता**

काठमाण्डु । नेपालकालागि टिभिएसको आधिकारिक वितरक कम्पनीजगदम्बा मोटर्सले शुक्रबार र शनिबार काठमाडौंको नक्सालशोरूमदेखि सुकुटेसम्मआयोजनागरेकोदोस्रोअपाचे ओनर्स ग्रुप (एओजी) नाइट राइड धुमधामका साथ सम्पन्नभएको छ ।

कार्यक्रमको शुभारम्भ जगदम्बा मोटर्सका सीबीओ, श्री मृगेन बनर्जी र डीजीएम, श्री विक्रमपौडेल ज्यूद्वारा गरिएको थियो ।

२५ जना राइडरहरुको सहभागिता रहेको यस ६८ किलोमिटर एकतर्फी यात्राक्रममाअपाचे राइडरहरु डर्ट रेस हेर्न धुलिखेलको डर्ट टेम्प्लपुगेका थिए ।

माघ १२ गते सुरु भई माघ १३ गते सम्पन्नभएको यस ओभरनाइट राइडमा एओजीका सदस्य, डा. दिपककुमार दासको पनि सहभागिता रहेको थियो ।

ओभरनाइट राइडको बारे बोल्दै डा. दिपककुमार ज्यूले भन्नुभयो, "यस अपाचे ओनर्स ग्रुपले मलाई साथीमात्रनभई एउटा परिवार प्रदान गरेको छ । म आफै अपाचेको ग्राहकहुँ र यस अपाचे ओनर्स ग्रुपमापाएको साथले म अत्यन्तखुसी छु । आगामीदिनहरुमापनि यस्तै प्रकारको यात्रामा सहभागीहुनपाउने आशागर्दछु ।"

कार्यक्रमको दोस्रो दिनहाम्रा हेड मार्शलद्वारा खेलकुदगतिविधि सञ्चालन गरिएको थियो जसमा रेमन दास श्रेष्ठ ज्यूद्वारा (होस्ट/अभिनेता/भिजे) विजेताहरुलाई पुरस्कार वितरण गर्नु भएको थियो । रेमन दास श्रेष्ठ आफै पनि यस सवारीको एक हिस्सा रहनु भएको थियो। राइडका क्रममाउहाँले बाइकको प्रदर्शन र यसको लुक मनपरेको बताउनु भयो ।

# चुहावट नियन्त्रण तथा गुणस्तर व्यवस्थापन तालिम

टुडे समाचारदाता

गण्डकी । स्यापोरो वाटर वर्कस् ब्यूरो जापानको सहयोगमा प्यारो हरियो नेपाल र नेपाल खानेपानी संस्थान काठमाडौंको सहयोगमा मंगलबारदेखि पोखरामा दुई हप्ता समयावधिको खानेपानी चुहावट नियन्त्रण तथा गुणस्तर व्यवस्थापन तालिम सुरु भएको छ ।

खानेपानी सेवा तथा व्यवस्थापन प्रणालीमा सुधारका लागि प्राविधिक सहयोग परियोजना अन्तर्गत भौतिक सुविधा विस्तारको साथै नेपाल खानेपानी संस्थान पोखरा शाखाको पानी वितरण प्रणालीलाई व्यवस्थित गरी शुद्ध खानेपानी वितरण गर्नका लागि प्राविधिक ज्ञान प्रदान गर्ने उद्देश्यका साथ नेपाल खानेपानी संस्थानअन्तर्गतका इन्जिनियर र अन्य प्राविधिक कर्मचारी गरी १५ जनालाई तालिम दिन लागिएको हो ।तालिमका लागि जापानबाट ११ जना विशेषज्ञको टोली माघ १४ मा नेपाल आई नेपाल खानेपानी संस्थानको केन्द्रीय कार्यालय र खानेपानी मन्त्रालयका उच्च पदाधिकारीसँग छलफल गरी पोखरा आएको हो ।

पोखरामा हुने तालिमका क्रममा मर्दीखोला ड्याम, नवनिर्मित पानी थिग्र्याउने प्रणाली र पुरनचौरस्थित मुख्य पानी शुद्धीकरण प्लान्ट, हेमजालगायत पोखराको विभिन्न स्थानमा रहेका पानी वितरण प्रणालीहरूको अध्ययन र जाँच गरी देखिएका समस्या समाधान गर्न सहयोग गरिने जनाइएको छ ।

तालिमको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र नेपाल खानेपानी संस्थानका महाप्रबन्धक ईश्वर प्रसादले संयुक्त रुपमा उद्घाटन गरे ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मोरङको बेलबारी नगरपालिकास्थित सोमबारे बजारमा तरकारीको खरिदबिक्री गर्दै ग्राहक तथा व्यापारी। तस्बिर : रासस

# भ्रष्टाचार सूचकाङ्कमा नेपालको सुधार

**टुडे समाचारदाता**

काठमाण्डु । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचारअनुभूतिसूचकाङ्क(करप्सन पर्सेप्सन इन्डेक्स) मा नेपालले गत वर्षको भन्दा केही सुधार गर्दै ३५ अङ्कसहित एक सय आठौं स्थानमा देखिएको छ।

नेपालले भ्रष्टाचार सूचकाङ्कमा गत वर्षको भन्दा एक अङ्क सुधार गरेको छ। गत वर्ष अर्थात् सन् २०२२ मा नेपाल ३४ अङ्कसहित एक सय १० औं स्थानमा थियो। त्यस्तै, सन् २०२१ मा ३३ अङ्कसहित एक सय १७औं स्थानमा थियो।

ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वका एक सय ८० मुलुकको भ्रष्टाचारको अवस्था विश्लेषण गरेकामा कम भ्रष्टाचार हुने मुलुकमा ९० अङ्कसहित डेनमार्क पहिलो स्थानमा छ । त्यस्तै, कम भ्रष्टाचार हुने मुलुकमा फिनल्यान्ड दोस्रो, न्यूजिल्यान्ड तेस्रो, नर्वे चौथो र सिङ्गापुर पाँचौं स्थानमा छन्। त्यसपछि क्रमशः स्वीडेन, स्विजरल्यान्ड, नेदरल्यान्ड, जर्मनी र लग्जेम्बर्ग छन्।

उक्त सूचीमा सोमालिया ११ अङ्कसहित एक सय ८०औं स्थानमा छ। त्यस्तै भेनेजुयला, सिरिया, दक्षिण सुडान, यमनलगायत मुलुकहरु बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा छन्।

नेपालका दुई छिमेकी मुलुकमध्ये भारत ३९ अङ्कसहित ९३औं स्थानमा र चीन ४२ अङ्कसहित ७६औं स्थानमा छन्।

ट्रान्सपरेन्सी इन्टरनेसनको भ्रष्टाचार अनुभूति सूचकाङ्कले सम्बन्धित देशको सार्वजनिक क्षेत्र कति भ्रष्ट छ भन्ने कुरा देखाउँछ। यो सूचकाङ्क तयार पार्नका लागि विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरमलगायत विभिन्न संस्थाबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको जनाइएको छ। जसमा विभिन्न १३ प्रकारका सर्वेक्षण तथा जाँच गरिएको ट्रान्सपरेन्सी इन्टरनेसनलले उल्लेख गरेको छ।

# 'लालपुर्जा भएका जग्गा झाडीमा परिणत भए'

**टुडे समाचारदाता**



काठमाण्डु । वन तथा राष्ट्रिय निकुञ्जका क्षेत्रका जानकारले 'बफरजोन'का जनतालाई विश्वासमा लिएर मात्रै राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षको संरक्षण र विस्तार अघि बढाउन सकिए मात्रै नतिजा हासिल गर्न सकिने बताएका छन्।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा उहाँहरुले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण विभिन्न प्रजातिको समिश्रण थलो भएकाले यसको संरक्षण आवश्यक भएको बताए । वन तथा वन्यजन्तु आरक्षणका क्षेत्रमा सफलता प्राप्त गर्नुका पछाडि जनसहभागितामा आधारित संरक्षणको अवधारणा नै रहेको दाबी गरिएको छ ।समितिले राष्ट्रिय निकुञ्ज, आरक्षण, संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्रको विद्यमान अवस्था, समस्या र समाधानका लागि चालिनुपर्ने उपायका सम्बन्धमा विज्ञहरुसँग छलफल गरेको हो।

त्यस अवसरमा वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा लामो अनुभव हासिल गर्नुभएका डा उदयराज शर्माले विश्वमा करिब २३ दशमलव ३९ प्रतिशत संरक्षण क्षेत्रले ओगटेको तथ्याङ्क प्रस्तुत गरे । उहाँले जैविक विविधता भएको मुलुक नेपालमा दुई सय ८४ स्थानीय फूल फूल्ने प्रजाति र आठ सय ६७ प्रकारका चरा पाइने बताए। विभिन्न जटिलताका बाबजुद नेपालले वन, वन्यजस्तुको संरक्षण विश्वमै उदाहरण प्रस्तुत गरेको बताउँदै विज्ञ शर्माले गैंडा चोरी सिकारी नियन्त्रण भई लक्ष्यभन्दा धेरै सफलता मिलेको उल्लेख गरे।

नेपालमा हिमालय जैविक विविधताका उर्भरभूमिका मुख्य स्थान अवस्थित रहेको पनि सो अवसरमा जानकारी दिइयो। मध्यवर्ती क्षेत्र भन्नाले निकुञ्ज तथा आरक्षको पाँच किमि क्षेत्रका बाहिरी भागको बस्ती, खेती, जङ्गल तथा खाली क्षेत्रलाई जनाउँछ । पछिल्लो समय ३० देखि ५० प्रतिशत निकुञ्जले आम्दानी गरेको राजस्व मध्यवर्ती क्षेत्र व्यवस्थापनमा लगानी गर्ने कानुनी प्रावधान भए पनि त्यसअनुरुप काम नभएको गुनासो गरिएको छ।

निकुञ्ज तथा वन्यजन्तु आरक्षबाट प्रभावित मध्यवर्ती क्षेत्रमा उपभोक्ता समिति तथा उपभोक्ता समूह गठन मानव र वन्यजन्तुबीचको द्वन्द्वलाई कम गर्दै राज्यद्वारा उपलब्ध सुविधा प्राप्त गर्न विभिन्न प्रयास भइरहेको छ । सीमित मात्रामा निकुञ्जभित्र रहेका प्राकृतिक स्रोतको उपयोगमा पहुँच दिई घाँस, खर खडाइ, बालुवा, गिट्टी तथा बगेका काठ सङ्कलन भइरहेको छ। चितवन राष्ट्रिय निकुञ्जलाई राजस्वमार्फत दुई वर्षमा रु तीन अर्ब ७० करोड प्राप्त रकम उपलब्ध गराइएको तथा सोही अवधिमा समुदायले रु ३९ करोड ऋण तथा सहकारीमा बचत गरेको तथ्याङ्क समेत प्रस्तुत गरियो ।

नागरिक समाजकातर्फबाट अश्विन पुडासैनीले राष्ट्रिय निकुञ्ज तथा आरक्ष वरपरका सडकमा समेत वन्यजन्तुको ओहरदोहरकाकारण समस्या पैदा भएको तथा घाँस, दाउरा र पानी लिन जानुपर्ने भएकाले महिला बढी जोखिममा पर्ने गरेको बताए। भूकम्पपछि वस्ती व्यवस्थापन गर्ने क्रममा निकुञ्ज क्षेत्र विस्तार गर्ने सकिने अवसरको सदुपयोग हुन नसकेको तर्क गर्दै उनले वन्यजन्तुबाट हुनसक्ने आक्रमण र धनजनको क्षति बन्ध्याकरण, निकासी र मार्ने कार्य हुन नसक्ने बताए।

यसअघि बैठकमा सदस्यहरु सोनाम शेर्पाले सगरमाथा राष्ट्रिय निकुञ्जको समृद्धि 'बफरजोन' भएको र त्यसको संरक्षण स्वयम स्थानीयले गरिरहेको असल अभ्यास सुनाए । उनले भने, "सबै विकास वातावरण विरोधी हुनुहुन्न । त्यस क्षेत्रमा रज्जुमार्ग, जलविद्युत् बनाउने प्रयास भइरहेको छ। त्यहाँको भूगोल र सम्भावनालाई हेरेर कार्यक्रम तय गरिनुपर्छ। अहिले त्यो गर्न विकास र वातावरण मैत्री कानून आवश्यक छ।"

समिति सदस्य गङ्गा बेल्वासेले युवा विद्यार्थीको ठूलो संख्या विदेश पलायन भएकाले लालपूर्जा भएका जग्गा वन र झाडीमा परिणत भएको बताए । उनले भने, "धान फल्ने खेत पनि झाडीमा परिणत भएको देखियो । जङ्गलको क्षेत्र बढाएर लाभ प्राप्त गर्न सकिन्छ भने राज्यले त्यसतर्फ पनि ध्यान दिनुपर्छ । हिजोका खरबारी र पहाडका धेरै बस्ती अहिले जङ्गलमा परिणत भएका छन्, त्यो राज्यका लागि चूनौति हो।"

# सञ्चय कोषमा योगदानकर्ताका दम्पतीले पनि अब उपचार खर्च पाउने

काठमाण्डु । कर्मचारी सञ्चय कोषले आफ्ना योगदानकर्तालाई उपलब्ध गराउँदै आएको स्वास्थ्योपचार सेवाको दायरा विस्तार गरेको छ। आगामी फागुन १ गतेबाट लागू हुनेगरी योगदानकर्ताका दम्पतीले पनि स्वास्थ्योपचार पाउनेगरी दायरा विस्तार गर्न लागिएको कोषले जनाएको छ।

कोषले २०७६ सालदेखि सञ्चयकर्तालाई अस्पताल भर्ना भई उपचार गरिएको साधारण रोगको हकमा प्रत्येक वर्ष अधिकतम रु एक लाखसम्म र घातक रोगको हकमा सेवा अवधिभर अधिकतम रु १० लाखसम्म स्वास्थ्योपचार सुविधा उपलब्ध गराउँदै आएको छ।

अहिले यो कार्यक्रमको दायरा विस्तार गरी सञ्चयकर्ताको पति वा पत्नीसमेतलाई समावेश गर्ने व्यवस्था मिलाइएको कोषका प्रशासक जितेन्द्र धितालले राससलाई जानकारी दिनुभयो । "यसअघि सञ्चयकर्तालाई मात्र उपलब्ध गराउँदै आइएको उक्त योजनामा २०८० फागुन १ गतेदेखि लागू हुनेगरी सञ्चयकर्ताको पति वा पत्नीलाई समेत समावेश गरिएको छ", उहाँले भन्नुभयो, "सञ्चयकर्ताको परिवारमा थप राहत पुग्ने अपेक्षासहित यो सुविधाको दायरा विस्तार गरिएको हो।"

गत पुसमा 'कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८०' स्वीकृत भएसँगै स्वास्थ्योपचार सुविधा विस्तारको बाटो खुलेकोथियो।फागुन१गतेदेखिकार्यान्वयनमा जाने विनियमावलीले स्वास्थ्योपचार गर्दा शोधभर्ना पाउने अस्पतालहरूको सूचीमा पनि संशोधन गरेको प्रशासक धितालले बताउनुभयो । विनियमको सूचीमा समेटिएका अस्पतालहरूमा उपचार गराएको हकमा मात्र कोषबाट स्वास्थ्योपचार सुविधा उपलब्ध गराइनेछ।

हाल सञ्चयकर्तालाई जुनसुकै अस्पतालमा उपचार गराउँदा शोधभर्ना उपलब्ध गराउँदै आएकामा अबदेखि सबै केन्द्रीय, प्रादेशिक, जिल्ला तथा पालिकास्तरका सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य केन्द्रहरू, नेपाल सरकारको स्वामित्वमा सञ्चालित अस्पताल, सबै शिक्षण अस्पतालबाट यो सुविधा उपलब्ध हुनेछ। साथै विनियमको अनुसूचीमा उल्लेखित एक सय २० वटा अस्पतालमा उपचार गराएको अवस्थामा मात्र शोधभर्ना उपलब्ध हुने कोषले जनाएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत मङ्सिरमा 'विपन्न नागरिक औषधोपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८०' जारी गर्दै विपन्न नागरिकलाई विभिन्न आठ प्रकारका घातक रोगको उपचारका लागि देशभरिका एक सय २० वटा अस्पताल तोकेको थियो।



सञ्चय कोषले पनि तिनै अस्पतालमा उपचार गराएमात्र उपचार रकम शोधभर्ना दिने व्यवस्था ल्याएको हो। त्यस्तै यसअघि नेपालमा उपचार सम्भव नभएको अवस्थामा भारतका अस्पतालमा गएर उपचार गर्ने योगदानकर्तालाई पनि कोषले शोधभर्ना दिने गरेकामा हाल त्यस्तो व्यवस्थासमेत हटाइएको प्रशासक धितालले बताउनुभयो।

कर्मचारी सञ्चय कोषको स्वास्थ्योपचार सुविधाअन्तर्गत रोगलाई साधारण रोग र प्राणघातक रोगका रूपमा वर्गीकरण गरी सोहीअनुसार शोधभर्ना रकम निर्धारण गरिएको छ। साधारण रोगको हकमा एक आर्थिक वर्षमा अधिकतम रु एक लाखसम्मको स्वास्थ्योपचार सेवा उपलव्ध गराइँदै आएको छ भने विभिन्न १२ प्रकारका प्राणघातक रोगको हकमा सेवा अवधिभर अधिकतम रु १० लाखसम्मको स्वास्थ्योपचारको शोधभर्ना कोषले दिइरहेको छ। क्यान्सर, हृदयघात, मस्तिष्कघात, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, प्यारालाइसिस, पार्किन्सन्स, सिकलसेल एनिमिया, अल्जाइमर्सलगायतका बाह्र प्रकारका रोगलाई घातक रोगका रुपमा वर्गीकरण गरिएको छ।

स्वास्थ्योपचार रकमको शोधभर्ना दाबीका लागि अस्पताल भर्ना भएको मितिमा कम्तीमा छ महिना कोषकट्टी भएको हुनुपर्नेछ। त्यस्तै अस्पतालबाट डिस्चार्ज भएको मितिले दुई महिनाभित्र दाबी पेस गरिसक्नुपर्नेछ । बिरामीको मृत्यु भएको हकमा दाबीको म्याद तीन महिना हुने व्यवस्था कोषले गरेको छ।

कोषले २०७० सालदेखि स्वास्थ्योपचार सुविधा कार्यान्वयनमा ल्याएको थियो। विसं २०७५ मङ्सिरदेखि राष्ट्रिय बीमा कम्पनी लिमिटेडमार्फत शोधभर्ना दिने व्यवस्था गरिएकामा २०७६ मङ्सिरदेखि यसलाई परिमार्जन गरी कोष आफैंले नै स्वास्थ्योपचार कार्यक्रम व्यवस्थापन गर्दै आएको छ। आगामी फागुन १ गतेदेखि स्वास्थ्योपचारसहितको कोषले हाल सञ्चालन गरिरहेको सबै सामाजिक सुरक्षा कार्यक्रम एकीकृत विनियमबमोजिम सञ्चालन हुनेछन् । कोषले आफ्नै स्रोतबाट सञ्चयकर्तालाई कुनै व्ययभार नपर्नेगरी विभिन्न कोष खडा गरी सञ्चयकर्ताको हितमा यस्ता सुविधा प्रदान गर्दै आएको जनाएको छ।

गत आर्थिक वर्ष २०७९/८० मा यो योजनाबाट कोषले दुई हजार चार सय ५७ सञ्चयकर्तालाई रु १६ करोड ६७ लाख रकमबराबरको स्वास्थ्योपचार सेवा उपलब्ध गराएको थियो। यसमध्ये साधारण रोगबापत एक हजार नौ सय १७ जना सञ्चयकर्तालाई रु सात करोड सात लाख र प्राणघातक रोगबापत पाँच सय ४० सञ्चयकर्तालाई रु नौ करोड ६० लाखबराबर शोधभर्ना रकम भुक्तानी भएको कोषले जनाएको छ।

चालु आव २०८०/८१ को पुस मसान्तसम्ममा स्वास्थ्योपचार योजनातर्फ दुई हजार छ सय ८२ जना सञ्चयकर्तालाई रु १५ करोड ५६ लाखबराबर स्वास्थ्योपचार सेवा प्रदान गरिएको छ । यसमध्ये साधारण रोगबापत दुई हजार दुई सय १२ सञ्चयकर्तालाई रु आठ करोड १२ लाख तथा घातक रोगबापत चार सय ७० सञ्चयकर्तालाई रु सात करोड ४४ लाखबराबर शोधभर्ना भुक्तानी भएको हो।

त्यस्तै कोषले गत आवमा काजकिरिया अनुदान योजनातर्फ सात सय ९० जना सञ्चयकर्तालाई रु तीन करोड १६ लाख र सुत्केरी तथा शिशु स्याहार योजनातर्फ १९ हजार ८७ जना सञ्चयकर्तालाई रु १४ करोड ३२ लाख भुक्तानी गरेको छ। दुर्घटना क्षतिपूर्ति योजनातर्फ एक सय ६४ जना सञ्चयकर्तालाई रु तीन करोड २८ लाख भुक्तानी भएको पनि कोषले जनाएको छ।

चालु आवको छ महिनामा काजकिरिया अनुदान योजनातर्फ तीन सय ४६ जना सञ्चयकर्तालाई रु एक करोड ३९ लाख, सुत्केरी तथा शिशु स्याहार योजनातर्फ नौ हजार छ सय ९१ जना सञ्चयकर्तालाई रु सात करोड २७ लाख र दुर्घटना क्षतिपूर्ति योजनातर्फ ५६ जना सञ्चयकर्तालाई रु एक करोड १२ लाख भुक्तानी भएको छ।रासस

# एक सय ४० उद्योग बन्द

**टुडे समाचारदाता**

चितवन। घरेलु तथा साना उद्योग कार्यालय चितवनमा दर्ता भई सञ्चालनमा रहँदै आएका एक सय ४० वटा उद्योग बन्द भएका छन्। कार्यालयका अनुसार चालु आवमा ती उद्योग बन्द गर्नका लागि कार्यालयमा निवेदन परेको हो।

कार्यालयका सूचना अधिकारी नारायणप्रसाद खनालका अनुसार ३१ वटा उत्पादनमूलक, ५५ वटा कृषि तथा वनजन्य, २० वटा पर्यटनमूलक र ३४ वटा सेवामूलक उद्योग बन्द भएका छन्। सोही समयमा ४० वटा उद्योगले नामसारी गरेका छन्। खरिदबिक्रीपछि नाम सारी गरिएको उनले बताए। ११ वटा उद्योगले ठाउँसारी गरेका छन्।

चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा दुई सय ५८ वटा उद्योग दर्ता भएका छन्। साना उद्योगतर्फ ती फर्महरु दर्ता भएका हुन्। गत वर्षको तुलनामा यस वर्ष उद्योग दर्ता हुने क्रम न्यून र बन्द हुने तथा बिक्री हुने क्रम तीव्र भएको पाइएको उनले बताए।

सोही समयमा व्यावसायिक फर्महरु एक सय ८१ वटाको लगत कट्टा गरिएको छ। १३ वटाको नामसारी र २२ वटाको ठाउँसारी गरिएको उनले जानकारी दिए। व्यावसायिक फर्मतर्फ दुई सय ७३ वटा नयाँ दर्ता भएका छन्। गत आर्थिक वर्ष २०७९/८० मा व्यवसाय बन्द गर्नेको संखया चार सय ३४ रहेको थियो।

यस्तै ३८ वटाले ठाउँसारी गरेका थिए। गत आर्थिक वर्ष २०७९/८० मा दुई सय ६९ वटा उद्योग बन्द भएका थिए। उनका अनुसार गत आर्थिक वर्षमा आठ सय ५९ वटा उद्योग दर्ता भएका थिए। सो वर्ष नामसारीका लागि ६३ वटा उद्योगका सञ्चालकहरुले निवेदन दिएका थिए भने ३४ वटाले स्थान परिवर्तन गरेका थिए।

वैदेशिक रोजगारीका लागि कम्पनी दर्ता गरेर आयआर्जन देखाउने र प्रयोजन सकिएपछि कम्पनी बन्द गर्न आउनेको संखया बढ्दो रहेको उनले बताए। उद्योग सञ्चालन गर्ने तर यहाँ आम्दानी नभएपछि विदेश जानका लागि बन्द गर्नेहरुको संख्या उच्च रहेको उनले बताए। उनले भने, "पाँच लाखसम्मको उद्योग वा व्यापारिक फर्महरु पालिकामा दर्ता हुने यहाँ बन्द गराएको पाइन्छ।" आर्थिक मन्दी, कोरोना असरका कारण समेत साना उद्योगहरु बन्द हुने अवस्थामा पुगेको उनले बताए।

कार्यालयमा दर्ता हुन आउने उद्योगहरु अधिकांश महिलाका नाममा दर्ता हुने गरेका छन्। राजस्वमा ५० प्रतिशत छुट हुने भएकाले महिलाका नाममा दर्ता गर्नेहरुको संख्या बढेको खनालले जानकारी दिए। चालु आर्थिक वर्षमा एक सय ३३ जना महिला उद्यमीले उद्योग दर्ता गराउँदा पुरुषका नाममा एक सय ११ वटा दर्ता भएका छन्।


मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय


## पशु सेवा तालिम केन्द्र, जनकपुरधाम

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

यस तालिमकेन्द्रबाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | LSTC/Dhanusha/ Works/NCB/02-2080/81 | Construction of Office Block 1st Floor at Pashu Sewa Talim Kendra, Dhanusha, Janakpurdham | Prayush Construction, Laxminiya-4, Dhanusha | NRs. 76,47,309.34 |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# समन्वय आवश्यक

प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले संघीय सरकारको योजना ३ करोड भन्दा कम रकमको नहुने घोषणा गरेका छन् । प्रधानमन्त्री प्रचण्डको यो घोषणा कार्यान्वयन हुनु आवश्यक छ । देशमा हाल तीन तहको सरकार छ । संघीय, प्रदेश र स्थानीय तह । तीनै तहको सरकारबीच तालमेल हुनु आवश्यक छ । संघीय सरकारले लगानी गर्ने योजना, प्रदेश सरकारले लगानी गर्ने योजना र स्थानीय सरकारले लगानी गर्ने योजनालाई परिभाषित गरिए झन सहज हुनेछ । हालको प्रकृयामा एउटै योजनामा तीनै तहको सरकारले लगानी गरेको पनि देखिन्छ । एउटै योजनामा सबै सरकारले लगानी गर्नु भन्दा योजनाको पहिचान गरी त्यसको लगत समेत यकिन गरी कुन तहबाट हुने त्यसको निर्क्यौल गरी सबै निकायबीच समन्वय भए बजेट दोहोरिने संभावना रहँदैन् । नेताहरुले भनसुनको आधारमा योजना पठाउँदा पनि डुप्लीकेशन हुने संभावना बढी रहन्छ । तर प्रकृयागत रुपमा नै काम हुँदा योजना दोहोरिने संभावना न्यून हुनेछ । नेपालमा संघीय र स्थानीय दुई तह पहिलेदेखि रहेपनि प्रादेशिक संरचना बनेको अहिले दुई दशक पनि भएको छैन् । पहिलो निर्वाचित प्रदेश सरकारको कार्यकाल पूरा भइ सकेर दोस्रो निर्वाचित प्रदेश सरकारको कार्यकालको दोस्रो वर्ष सुरु भएको छ । विगतको स्थानीय तह र हालको स्थानीय तहको भूमिका र अधिकारमा धेरै अन्तर छ । अहिलेको स्थानीय निकायको हैसियत सरकारको छ । स्थानीय र संघीय सरकारबीच प्रदेश सरकारले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्छ । त्यसको कानुन लगायत आवश्यक कार्यविधिहरु बनाउनु पर्छ । हालको अवस्थामा प्रदेश सरकारको भूमिका नै देखिएको छैन् । प्रदेश सरकारले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दा जनतामा असन्तुष्टि पनि बढेको छ । संघीय सरकारले प्रदेशलाई पनि अधिकार सम्पन्न बनाउन उदारता देखाउनु आवश्यक छ । ३ करोडको योजनामा मात्र लगानी गर्ने संघीय सरकारको घोषणा प्रतिनिधि सभाका सदस्यहरुको बजेटलाई लक्षित गरी गरिएको छ । होइन् भने, संघीय सरकारको योजना १० करोड भन्दा माथि राष्ट्रिय स्तरको योजनाहरु हुनुपर्छ । प्रदेश सरकारको योजनाहरु कम्तीमा १ करोड भन्दा माथिको हुनु आवश्यक छ । १ करोड भन्दा कम रकमको योजनाहरु स्थानीय तह मार्फत हुनुपर्छ । संघीय सरकारले प्रदेश सरकारलाई प्रभावकारी बनाउन सहयोग नगरे सम्म देशमा संघीयता बलियो हुन सक्दैन् । प्रधानमन्त्री संघीयताका लागि ठूलो लडाई लडेका नेता हुन् । उनको कार्यकालमा देशमा संघीयता सबल हुन नसके खारेज गर्नेहरुको अभियानलाई नै मलजल हुनेछ ।

# दक्षिणपूर्व एशियाका केन्द्रीय बैंकहरुको नोट निस्काशन पद्धति



डा.रेवतीरमण लाल

दक्षिण पूर्व एशियाका केन्द्रीय बैंकहरुमा केन्द्रीय बैंकले नै मुद्राको व्यवस्थापन गर्ने गरेको पाइन्छ । प्रायः सबै जसो देशहरुमा उनीहरुको कामहरु मा मुद्राको व्यवस्थापन एउटा मुख्य काम रहेको देखिन्छ । केन्द्रीय बैंकहरुको काम मा आर्थिक तथा मौद्रिक मुख्य कामहरुमा पर्दछ । मौद्रिक नीति को निर्माण पनि उनै बैंकहरुमा रहेको पाइन्छ । मुद्राको व्यवस्थापन को लागि त्यसको छपाइ, निस्कासन एवं अन्य व्यवस्थापकीय कार्यको लागि प्रत्येक केन्द्रीय बैंकमा एउटा छुटै विभाग रहेको पाइन्छ । जस्तो कि हाम्रो देश नेपालमा पनि यसको लागि छुटै विभाग नोट विभाग भने रहेको छ ।

नोट छपाउने र त्यसको डिजाइन निश्चित गर्ने काम को लागि एउटा छुट्टै समिति रहने गरेको छ । जसमा नोटको डिजाइन निर्धारण गर्दा त्यसमा राख्नु पर्ने विषय वस्तुहरुमा राष्ट्रिय महत्वका व्यक्तित्व, को साथै साँस्कृतिक संपदा, प्राकृतिक संपदा आदि लाई ध्यानमा राख्नु पर्ने हुन्छ ।

नोट व्यवस्थापन गर्दा सुकिलो र मैलो नोट सटिङ्ग गरी मैलो नोट जो चलन चलतीमा ल्याउने खालको हुँदैन त्यसलाई नियमानुसार प्वाल पारी नष्ट गर्ने सम्म गरीन्छ ।

सिक्का को मीन्टीङ्ग गर्ने काम पनि केन्द्रिय बैंक द्वारा टक्सार विभाग मा गरिन्छ र विशेष अवसरमा निकालिएका असर्फि तथा अन्य सिक्का नेपाल राष्ट्र बैंकले सिंगापुरको मिन्टवाट निकालिन्छन ।

जिलो सँग नोट उपलब्ध हुनलाई केन्द्रीय बैंकको प्रत्येक शाखामा नोट विभाग वाट नोट राखिएको हुन्छ र बैंकीङ्ग लाई नोट को आवश्यकता भएको खण्डमा आवश्यकता अनुसार नोट विभागवाट नोट निस्काशन गरीन्छ । तर नोट विभागमा रहे सम्म नोटहरुलाई चलन चलतीमा (व्यवहारमा) ल्याइदैन । बैंकीङ्ग मा आएपछि मात्र नोट चलन चलतीमा आउछ ।

दक्षिण पूर्व एशियाका केही केन्द्रीय बैंकहरु को वारेमा तल उल्लेख गरेको छु

### फिलीपिन्स

फिलीपिन्स मा सन १९४९ मा त्यहाँ को केन्द्रीय बैंक को स्थापना भएको थियो । यसको नाउ बैंको सेन्ट्रल फिलीपिनास राखिएको थियो । यस अन्तर्गत एउटा मौद्रिक बोर्ड पथि थियो ।

फिलीपिन्स वर्षौ सम्म उपनिवेशिक जीवन विताउनु परेको थियो । पहिला स्पेनको उपनिवेश मा वस्यो । त्यस वखत सम्म फिलीपिन्समा त्यस बेला देखि पूर्व मुद्रा के हो भन्ने कुरा फिलीपिन्सका जन्तालाई थाहा भएको थिएन र त्यस बेला कार्टर प्रथा प्रचलित थियो देशमा ।

पछि अमेरिकनहरुको शासन स्थापित भएपछि मात्र मौद्रिक व्यवस्था स्थापित गरिएको थियो र त्यहाँको मुद्रा लाई पेशो भनियो । जब केन्द्रीय बैंक फिलीपिन्सको आफ्नो कार्य आरंभ गऱ्यो सन १९४९ मा अनि मात्र एक पेशो देखि ५०० पेशो सम्म को नोट निस्काशन गरियो ।

जनताले झुकिएर नक्कली नोटको फंदामा नपरोस त्यसको लागि नोट प्रीन्ट गर्दा केही सुरक्षात्मक उपायहरु पनि अपनाउने गरीन्छ । यस्ता उपायहरु प्राय सबै केन्द्रीय बैंकहरु द्वारा छपिने नोटहरु अपनाउने गरिएको देखिन्छ । आजको कलर कौपी को युगमा नोटको नक्कल हुन सजिलो भएको ले नोट छाप्दा खेरी केही सुरक्षात्मक उपायहरु केन्द्रीय बैंकहरुले गर्ने गरेको पाइन्छ । यसमा रंग, प्रीन्ट, सिरियल नंबरमा प्रीफेक्स को प्रयोग, मेटालिक धागो को प्रयोग, वाटर मार्क, विशिष्ठ कागजको प्रयोग को साथै नोटको पृष्ठ भूमि आदिहरुमा पनि ध्यान दीइने गरिएको छ ।

यस बैंकमा मुद्रा भेरी फिकेशन र सर्टिङ्ग क्षेत्रमा जानलाई अनधिकृत व्यक्तिहरुलाई मनाही गरिएको हुन्छ । यस क्षेत्रमा हाल काउण्टीङ्ग मशीनको प्रयोग पनि हुने गरेको देखिन्छ ।

फिलीपिन्सको केन्द्रीय बैंकले केही विदेशी मुद्राहरु पनि स्वीकृत गर्न र सटही गरीदिन इजाजत दिएको छ तर त्यसता विदेशी मुद्राहरु केन्द्रीय बैंक वा त्यसको शाखाहरुमा जम्मा गर्नु पर्ने हुन्छ ।

### थाइलैण्ड

प्रथम कागजी मुद्रा थाइलैण्डमा सन १८५३ मा सम्राट रामा चौथो द्वारा निस्काशन गरिएको थियो । थाइ नरेश रामा पाँचौ को समयमा विदेशी वाणिज्य बैंकहरु ले पनि मुद्रा निस्काशन गर्ने स्वीकृति पाएको थियो र हौंगकौंग र संघाइ बैंकिङ्ग कोर्पोरेशनले प्रथम पटक आफ्नो नोट थाइ राजधानी बैंकोक मा १८८९ मा चलाएका थिए र इनीहरु पछि चार्टर बैंकले १८९८ मा आफ्ना मुद्राहरु चलाएका थिए तर यी मुद्राहरु थाइ राजधानी बैंककमा मात्र चलेको कुरा थाहा पाइन्छ ।

बैंकको नोट विभाग को उदघाटन १९ सितंबर १९०२ मा भएको र त्यसै दिन त्यस विभागवाट प्रथम पटक नोट निस्काशन गरिएको थियो ।

सन १९४२ मा थाइ केन्द्रीय बैंक को स्थापना भयो जसको नाउ बैंक अफ थाइलैण्ड राखिएको थियो । यस को प्रमुख कामको रुपमा नोट निस्काशन नै रहेको थियो ।

बैंक नोट निस्काशन को संपूर्ण जिम्मेवारी यसै बैंकलाई दीइएको थियो भने यसको व्यवस्थापन समेत को जिम्मेवारी यसैको रहेको चाल पाइन्छ । बैंकमा नोट निस्काशन र व्यवस्थापनको लागि यस बैंक अंतर्गत नोट निस्काशन विभाग पनि स्थापित भएको थियो ।

थाइ मुद्रा लाई भाट भनिन्छ र यसमा नोटहरुको अनेक दरहरु रहेको पाइन्छ ।

थाइ नोट को डिजाइन मा थाइ कला, संस्कृति इतिहास र छपाइ को स्थाइत्व को पूर्ण ध्यान दिने गरिन्छ ।

### सुरक्षात्मक उपायहरु

शतप्रतिशत सुतीको प्रयोग, वाटर मार्क, सुरक्षा धागो, आदिको पनि ध्यान राखिन्छ ।

नोट छपाइ को काम स्थानीय स्तर मा गरिन्छ । यो काम अर्थ मंत्रालय अंतर्गत त्यसलाइ निगरानीमा हुन्छ ।

केन्द्रीय बैंक मा पुरानो नोट पुगेपछि त्यसलाई छानेर सुकीलो र मैलो नोटहरु छुट्याइन्छ र सुकिलो नोट लाई पुनः चलन चलतीमा पठाइन्छ भने मैलो नोट हरुलाई नष्ट गरीन्छ ।

प्रत्येक निस्काशन गरिएको नोटको लागि केही रिजर्व संपति राखिएको हुन्छ जसमा सुन, विदेशी मुद्रा, विदेशी सेक्युरीटी, सुन र विदेशी संपति आदि राखिन्छ ।

### इण्डोनेशिया

देशको नियम अनुसार देशको केन्द्रीय बैंक बैंक इण्डोनेशिया नोट निस्काशन अधिकार यसै केन्द्रीय बैंक को छ र त्यसको व्यवस्थापन को अधिकार पनि यसैलाई दीइएको छ । इण्डोनेशिया को मुद्रालाई रुपिया भनिन्छ र संक्षिप्त मा आर पी भनिन्छ । प्रथम पटक १९४५ मा इण्डोनेशियाको मुद्राको रुपमा प्रचलित भएको थियो । यसै दिन सरकार द्वारा बैंक नोट को जन्म भएको मानिएको थियो जब कि जापान र डचहरुको मुद्रा प्रचलनवाट हटाइएको थियो ।

सन १९५१ देखि १९६७ सम्म सानो दर को नोटहरु अर्थ मंत्रालय वाट निस्काशन गरियो भने ठूलो दरको नोटहरु बैंक इण्डोनेशिया द्वारा निस्काशन गरिएको थियो तर पछि १९६८ देखि नोट निस्काशन गर्ने संपूर्ण अधिकार बैंक इण्डोनेशियालाई दिइएको थियो ।

इण्डोनेशियामा मुद्राको डिजाइन मा बैंक नोट मा राष्ट्रका महत्वपूर्ण व्यक्तित्व को साथै संस्कृति, प्राकृतिक संपदा आदि राख्ने गरेको छ । प्रत्येक नोटहरु को आकार भिन्न भिन्न हुन्छ र विभीन्न दरमा निस्काशन गरिएको हुन्छ ।

### नोटको सुरक्षा

अरु केन्द्रीय बैंकहरु जस्तै सब भन्दा बढी खतरा आज विकसित र दिन दिनै विकसित भैरहेको रंगीन फोटो कपि को प्रविधि ले इण्डोनेशिया को केन्द्रीय बैंकले निस्काशन गर्ने बैंक नोट को लागि उत्पन्न भैरहेको समस्याहरुको दृष्टिले अनेक सुरक्षाका उपायहरु नोट निस्काशन गर्ने केन्द्रीय बैंकले अपनाउनु पर्ने हुन्छ । यसको लागि नोट छपाउदा कागजमा अपनाइने सुरक्षात्मक उपाय र प्रीन्ट गर्दा प्रयोग हुने मसी को लागि र प्रीन्ट प्राविधिक को उन्नत उपायहरु गरिने हुन्छ । यसले गर्दा नक्कली नोट निस्काशन गर्न असंभव न भए पनि कठिन अवश्य हुन्छ ।

बैंक इण्डोनेशिया केन्द्रीय बैंक भएपनि यसले नोट आफैले छपाउदैन । नोट छपाइ को काम सरकारी एजेन्सी पेरुम पेरुरीको सुरक्षा प्रेसमा यसै एजेन्सी द्वारा छपाइन्छ ।

नोटहरु छापेर यस संस्थाले छापेको नोटहरु बैंक इण्डोनेशियाको नोट विभाग प्रमुख कार्यालय जकार्तामा राखिन्छ र त्यहाँ वाट बैंककै विभिन्न शाखाहरुमा चलन चलतीमा पठाइन्छ । विभिन्न बैंक शाखाहरु वाट प्राप्त हुने नोटहरु जस्तो कि पहिला पनि उल्लेख गरेको छु सुकिलो र मैलो नोटहरु छुट्याइन्छ र सुकीलो नोटहरु पुन चलन चलतीमा पठाइन्छ र मैलो नोटहरुलाई नष्ट गरिन्छ ।

### मलेशिया

मलेशिया को केन्द्रीय बैंक हो बैंक नगारा मलेशिया र यो बैंक १९६७ देखि आफ्नो मुद्रा नोट निस्काशन प्रारंभ गरेको हो । यो भंदा पूर्व मुद्रा को लागि जबाबदेह संस्थाहरु मुद्राको वोर्ड अफ कमीशनर अफ करेन्सी मलय र वृटेन वोर्नियो ले मुद्रा चलाउने गरेको थियो जो नगारा मलेशिया को निस्काशन गरेपछि उनीहरु ले गरेको नोट निस्काशन वंद गरिएको थियो । पूर्वमा मलेशियन मुद्रा लाई मलेशियन डलर भन्ने गरेको मा १९७५ई. देखि यसलाई रिंगिट भन्ने गरेको पाइन्छ ।

नोट निस्काशन गर्दा केन्द्रीय बैंक, बैंक नगारा मलेशियाको एक्सटर्नल संपति (एसेट) जस्तो सुन, विदेशी मुद्रा, विदेशी संपति जो मुद्रा कोषमा रहन्छ जसमा विशेष रुपमा झीक्ने अधिकार भएको आदि रहेको हुन्छ । यो रकम निस्काशित मुद्रा को निश्चित प्रतिशत रहेको हुन्छ ।

नोटहरु नक्कल हुन नसकोस त्यसको लागि केही आवश्यक सुरक्षाको उपायहरु अवलम्बन गरिएको हुन्छ । जस्तो कि कागज मा सेन्ट परसेन्ट कौटन को प्रयोग भएको हुन्छ, यसको साथै सुरक्षा धागो राखिएको हुन्छ (सेक्युरीटी थ्रेड) । यसको अतिरिक्त वाटर मार्कमा मलेशिया को प्रथम राजाको फोटो अंकित हुन्छ । यसको साथै बैंक नगारा मलेशिया अंग्रेजीमा माइक्रो रुपमा लेखिएको हुन्छ जो मैग्नीफाइंग शीशा वाट मात्र हेनै सकिन्छ । केही दिन देखि मलेशियन नोटहरु देश भंदा बाहिर छपाइ हुन्छ ।

नोटहरु प्राप्त भएपछि केन्द्रिय बैंकमा सर्टिङ्ग गरी सुकिलो र मैलो छुट्याइन्छ र त्यस पछि मैलो नोट चलन चलतीमा नजान हुने नोट मा पंचगरी नोट विभागमा पठाइन्छ जहाँ नष्ट गरिन्छ ।

### नेपाल

नेपाल राष्ट्र बैंक ऐन १९५५ अनुसार नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकलाई कागजी मुद्रा को संपूर्ण छापने अधिकार नेपाल सरकार को स्वीकृती लिएर दिइएको देखिन्छ । प्रत्येक नोट हरुमा नेपाल राष्ट्र बैंक को गवर्नरको सही अनिवार्य गरिएको छ ।

जहाँ सम्म नोटको कुरा छ सन १९४४ सम्म नेपालको कुनै कागजी मुद्रा थिएन । सन १९४४ देखि पहिलो पटक नेपालको सरकार ले केही कागजी मुद्राहरु छाप्ने प्रारंभ गरेको थियो । सन १९६० सम्म नेपाल राष्ट्र बैंकले कुनै दरको कागजी मुद्रा छापेको थिएन र सन १९६० देखि नेपाल राष्ट्र बैंकले कागजी मुद्रा छपाउन प्रारंभ गरेको पाइन्छ ।

नेपाल राष्ट्र बैंक जो नेपालको केन्द्रीय बैंक पनिहो यसको स्थापना को मूल उद्देश्य नेपालको मुद्रा देश भरी चलाउने र देशमा रहेको द्वैध मुद्रा प्रणालीलाई समाप्त गर्ने थियो । नेपाल राष्ट्र बैंक को स्थापना को समयमा देशभरी भारतीय रुपैयाको प्रचलन बढी भैरहेको थियो ।

नेपाल राष्ट्र बैंक कागजी मुद्रा निस्काशन गर्दा समानुपातिक रिजर्व प्रणाली (प्रोपोरशनल रिजर्व) अपनाउने गरेको छ । बैंकले निस्काशन हुने नोटहरु को मूल्य वराबरको सेक्युरीटी राख्नुपर्ने हुन्छ । यस मा ५० प्रतिशत मा सुन, चाँदी, विदेशी विनीमय, विदेशी सेक्युरीटी र विदेशी विलहरु र वाकी ५० प्रतिशतमा स्वदेशी सिक्का, सेक्युरीटी, प्रोमिसरी नोटहरु र विल्स अफ एक्सचेन्जहरु हुन्छन ।

नोटको डिजाइन को हकमा नेपाल राष्ट्र बैंक को गवर्नरको अध्यक्षतामा एउटा डिजाइन कमिटी हुन्छ जो नोटको डिजाइन वारे निर्णय गर्दछ । यसमा सांस्कृतिक संपदा, वन तथा प्राकृतिक संपदा, कला, इतिहास आदि लाई ध्यान दीइन्छ ।

नक्कली नोटहरु पनि जनताको हाथमा नजाओस यसको लागि केही सेक्युरीटी उपायहरु पनि गरिएको हुन्छ जसमा उच्च स्तरको कागजको प्रयोग, वाटर मार्कमा चित्रका प्रयोग, सुरक्षा धागो आदि प्रयोग गरीन्छ ।

वाणिज्य बैंकहरु वाट प्राप्त नोटहरु सर्टिङ्ग गरी मैलो र सुकीलो छुट्याइन्छ र सुकिलोनोट पुनः चलन चलतीमा पठाइन्छ र मैलो नोटहरु पंचगरी नष्ट गरीन्छ । नोटको व्यवस्थापन को छुटै विभाग नेपाल राष्ट्र बैंकमा छ जसलाई नोट विभाग भनिन्छ । यस विभागले चलन चलतीमा आफै ल्याउदैन र बैंकींग विभाग द्वारा नोटहरु चलन चलतीमा पठाउन यस को लागि बैंकींग विभागले आवश्यकता महशुस गरेपछि उसले नोट विभागवाट नोटहरु पाउछ र चलन चलतीमा पठाउछ ।

# कमेरोटार आयोजना २० वर्षदेखि अलपत्र

रमेश गिरी

तीन वर्षमा सम्पन्न गरी जग्गाधनीलाई विकसित घरेडी फिर्ता गर्ने गरी सुरक्षित र सुविधा सम्पन्न आवासको परिकल्पना गर्दै मध्यपुरथिमि नगरपालिकास्थित कमेरोटार क्षेत्रमा सञ्चालन भएको 'कमेरोटार जग्गा एकीकरण आयोजना' विगत २० वर्षदेखि अलपत्र परेको छ ।

तत्कालीन नगर विकास ऐन २०४५ तथा हालको उपत्यका विकास प्राधिकरण ऐन २०४५ अनुसार सञ्चालन भई जग्गा एकीकरण आयोजना तीन वर्षभित्र सम्पूर्ण आयोजना सम्पन्न गरेर जग्गा धनीलाई विकसित घरेडीसहितको जग्गा फिर्ता गर्ने शर्तमा नगर विकास प्राधिकरणले सुरु गरेको आयोजना विभिन्न कारण देखाएर ढिलाइ गर्दै पटकपटक म्याद थप गर्दै प्लट जग्गा बिक्री गर्दै आएको छ ।

अरनिको रामार्गबाट उत्तरतर्फ मध्यपुरथिमि नगरपालिका राधेराधेबाट पश्चिमतर्फ श८ धर चोकसम्म, उत्तरतर्फ निकोसेरा सानोठमी जाने सडकसम्म र पूर्वतर्फ राधेराधे चोकबाट निकोसेरा चोकको सडकसम्मको क्षेत्रलाई विकसित आवासीय घरेडीसहितको सुविधा सम्पन्न आवासीय क्षेत्र निर्माणम गर्ने उद्देश्यले उपत्यका विकास प्राधिकरणले आर्थिक वर्ष २०५८/५९ बाट आयोजनाको प्रारम्भिक काम सुरु गर्दै बृहत् गुरुयोजना निर्माण गरेको थियो ।

पटकपटकको विवादपछि २०५९ मङ्सिर १ गते उपभोक्ताको हितमा काम गर्ने गरी मध्यपुरथिमिका पूर्वनगर प्रमुख मदनकृष्ण श्रेष्ठको अध्यक्षतामा कमेरोटार जग्गा एकीकरण आयोजना उपभोक्ता समिति गठनपछि समस्या सुल्झाउँदै प्राधिकरणले २०६१ फागुन १७ गते राजपत्रमा सूचना प्रकाशन गरी एक हजार चार सय ८६ रोपनी जग्गामा एकीकरण गरी आयोजना विधिवत् रुपमा लागू गरेको थियो ।

आयोजना २०६५ असार मसान्तसम्ममा सम्पन्न गर्ने कार्य सम्पन्न गरी घरघरमा खानेपानी, सबै सडक कालोपत्र, हरियाली क्षेत्र, खेलकुद मैदान, पार्क, सामुदायिक भवनलगायत गुरुयोजना अनुसारको सम्पूर्ण पूर्वाधार निर्माण गरेर जग्गा फिर्ता दिने गरी सम्झौता भए पनि आयोजना सुरु भएको २० वर्ष नाघिसक्दा पनि आयोजना अझै सम्पन्न नभई अलपत्र परेको छ ।

### ४५ प्रतिशतसम्म काटियो जग्गा

आयोजनाले अरनिको राजमार्गसँग जोडिएको, पुरानो २० फिटको सडक, राजकुलो, बाटो नपुगेको जग्गा गरी विभिन्न भागमा जग्गाको वर्गिकरण गरी सात दशमलव पाँचदेखि ४५ प्रतिशतसम्म जग्गा काटेको छ । सुरुमा जग्गा कटौतीका विषयमा स्थानीय उपभोक्ता र आयोजनाबीच पटकपटक विवाद भए पनि आयोजनाले वैज्ञानिक पद्धतिमा नियमानुसार जग्गा कटौती गरेको दाबी गर्दै आएको छ ।

कटौती गरी आएको जग्गामा खुला चौर, पार्क, खेल मैदानका लागि छुट्याएर बाँकी जग्गा आयोजनाले पटकपटक बिक्री गर्दै आएको छ । आयोजनाले सुरुमा नेपाल टेलिकमलाई रोपनीको रु १८ लाखमा ४५ रोपनी जग्गा बिक्री गरेको थियो । त्यसपछि आनाको रु ६० लाखसम्मको जग्गा पटकपटक बिक्री गर्दै आयोजनाको खर्च जुटाउँदै आएको छ ।

### परियोजना अनुसार भएन काम

आयोजनाभित्र खुल्ला चौर, हरियाली क्षेत्र, खेलकुद मैदान तथा सामुदायिक क्षेत्रसमेतको लागि जग्गा उपलब्ध हुनेछ भनी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा उल्लेख छ । डिपिआरमा हरियाली क्षेत्रलाई प्रथमपटक ५३ रोपनी छुट्याउने भनिए पनि त्यसलाई घटाएर दोस्रोपटक ४२ रोपनीमा कायम गरेको र अहिले फिल्डमा ३६ रोपनी मात्र राखिएको छ ।

उपभोक्ताहरुको हक र हित विपरीत समग्र आयोजनालाई नै प्रभावित पार्ने कार्य गरेको कमेरोटार नगर विकास संयोजन समाजका अध्यक्ष इन्द्रकुमार श्रेष्ठ बताउनुहुन्छ । आयोजनाले प्रत्येक सेक्टरमा हरियालीसहितको खुल्ला क्षेत्र राख्ने भनिए पनि खुल्ला क्षेत्रको व्यवस्था समेत त्यसअनुसार नगरिएको उहाँ बताउनुहुन्छ ।

### वर्षामा डुबानको समस्या र खानेपानीको अभाव

आवास ठूलो बनाउने तर ढल सानो हाल्दा यस क्षेत्र वर्षामा डुबानमा पर्न थालेको छ । सेक्टर नं १ सङ्गम कोलोनी क्षेत्रभित्र सडकमा ढल प्रयोजनका लागि सानो आकारको ह्युमपाइप प्रयोग गर्दा ढलले थेग्न नसकेर पानी बाहिर निस्कने गरेको स्थानीय एकराज भण्डारी बताउनुहुन्छ । आयोजनाको समेत व्यवस्थापनको जिम्मेवारी लिएको मध्यपुरथिमि नगरपालिको लापर्वाहीले गर्दा नगरपालिका, सडक डिभिजन कार्यालय भक्तपुरले निकोसेरा सडकमा वर्षामा हुने डुबान जोगाउन आयोजनाभन्दा बाहिर क्षेत्रमा रहेको बोडे, सिन्टिटार, निकोसेराको माथिल्लो क्षेत्र र नगरपालिका कार्यालय क्षेत्रका करिब एक हजारभन्दा बढी घरको ढलसमेत यही आयोजनाको ढलमा जोडिदिएपछि अहिले यो क्षेत्र डुबानमा पर्ने गरेको छ ।

ढल ह्युम पाइपले थेग्न नसक्दा ढलको मङ्गलमा राखिएको बिर्को फुटाएर ढलबाट निस्किएको भेलले सङ्गम कोलोनी क्षेत्र पूर्णरुपमा जलमग्न भई बस्तीमा रहेको घरको भुइँतला डुबानमा परेको, हिँड्डुल आवतजावत गर्न समेत कठिनाइ परेको, दुर्गन्ध फैलिने गरेको समाजका अध्यक्ष श्रेष्ठ बताउनुहुन्छ । आयोजना क्षेत्रभित्रको ११ मिटर, सात दशमलव पाँच मिटर र चार मिटर सडकहरुमध्ये केहीमा कालोपत्र र केहीमा ग्राइबेल गरेर अलपत्र छाडिएको छ । आयोजनाभित्रका २३ किलोमिटर फुटपाथसहितको सडक करिब ६० करोडको लागतमा कालोपत्र गर्ने गरी २०७७ सालमै श्रेष्ठ नागार्जुन मुडभरी एण्ड जोशी जेभीसँग आयोजनाले ठेक्का सम्झौता गरे पनि करिब दुई किलोमिटर सडक कालोपत्र गरेर अरु सडक अलपत्र पारेको छ । तीन वर्षदेखि ठेकेदार बेपत्ता हुँदा आयोजना र नगरपालिकाले कारबाही गर्ने वा काम पुनः सञ्चालन गराउन सकेको छैन ।

आयोजनाभित्र खानेपानीको व्यवस्था नहुँदा यहाँका करिब सात सय घरधुरीले पानी किनेरै जीवन धान्नु परेको छ । घरघरमा जुमिनमुनिको पानी निकाले पनि पानीमा अत्यधिक पहेँलो भएका कारण किनेरै खानु परेको स्थानीयवासी एवं सङ्गमेश्वर महादेव मन्दिर व्यवस्थापन समितिको अध्यक्ष मोहनवरसिंह प्रधानले बताउनुभयो । आयोजनाले अधिकांशको घरघरमा खानेपानीको धारोको पाइप पुऱ्याएर छाडिदिएको छ । पानी नआउने भएकाले धारा जडान गर्न सकेको छैन । मेलम्चीको पानी वितरण गर्ने भनेर केयुकेएलसँग आयोजनाले समन्वय गरेर करिब २० घरमा धारा जडान गरिए पनि पानी नआउने भएपछि लाइन काटिएको उहाँले बताउनुभयो ।

### मुद्दा खेप्दै उपभोक्ता

यहाँका पीडित उपभोक्ताले आयोजनासँग वर्षौंदेखि मुद्दा खेप्दै आएका छन् । आयोजना सुरु हुनुपूर्व बनेका घरहरुको हकमा समेत आयोजनाले नयाँ नियम लागू गरेर जथाभावी जग्गा काट्ने वा नयाँ मूल्यअनुसार अतिरिक्त रकम तिर्नु पर्ने नियम लगाएपछि यहाँका पीडित उपभोक्ताहरुले वर्षौंदेखि मुद्दा खेप्दै आउनु परेको पीडित परशुराम कार्की बताउनुहुन्छ ।

आयोजना लागू हुनुपूर्व बनेका घरहरुको हकमा आयोजनाको २०६८ साल जेठ २० गतेको २३औं बैठकको निर्णय नं ४ को अनुसूचीमा रहेको थप जग्गाको मूल्य निर्धारण गरेपछि त्यसविरुद्धमा २०६१ सालको मालपोत कार्यालय भक्तपुरको सरकारी दररेट मात्र उपभोक्ताको हकमा आकर्षण हुनुपर्ने माग गरेको उहाँले बताउनुभयो ।

सोही माग राखेर गर्दै २०६८ साल साउन १९ गते सर्वोच्च अदालतमा आयोजनाविरुद्ध स्थानीय ६३ जनाले रिट निवेदन दर्ता गरिएकामा सात वर्षपछि २०७५ माघ २१ गतेको संयुक्त इजलासबाट आयोजनाले गरेकै निर्णय सदर गर्ने गरी गरेको फैसलासमेत आयोजना आफैंले अटेर गरी उपभोक्तालाई मुद्दामाथि मुद्दा लगाएको कार्कीले बताउनुभयो ।

सर्वोच्च अदालतको फैसलालाई स्वीकार्दै फैसलाबमोजिम आयोजनालाई बुझाउनुपर्ने योगदानबापतको रकम बैङ्क दाखिला गर्न जाँदा आयोजनाले रकम नबुझी जग्गाको मूल्य बढेकाले पुनः थप अतिरिक्त शुल्क पाउनुपर्ने भन्दै आफ्नै पक्षमा भएको फैसला समेत अटेर गरी पुनरावलोकनका लागि रिट दायर गरेको पाँच वर्ष बित्दा पनि सर्वोच्चबाट अन्तिम फैसला अझै आउन सकेको छैन । आयोजना लागू हुनुपूर्व बनेको झन्डै ७० वटा घरको अझै नक्सा पास नगर्दा उपभोक्ता थप पीडामा रहेको कार्की बताउनुहुन्छ ।

### पीडित उपभोक्ता आन्दोलित

कमेरोटार जग्गा एकीकरण आयोजना २० वर्ष बित्दा पनि सम्पन्न नगरी अलपत्र पारेर जग्गाधनीहरुलाई पीडित बनाएको भन्दै कमेरोटार नगर विकास संयोजन समाजका अध्यक्ष इन्द्रकुमार श्रेष्ठ नेतृत्व पीडित उपभोक्ताहरुले उपभोक्ता समिति खारेज गर्नुपर्ने, आयोजना छिटो सम्पन्न गर्नुपर्ने, आयोजना नगरपालिकालाई पूर्ण स्वामित्व दिनुपर्ने र नगरपालिकाले संरचना निर्माणका लागि लगानी गर्नुपर्ने माग राख्दै एक महिनादेखि आन्दोलित भएका छन् ।

समाजका अध्यक्ष श्रेष्ठले २०५९ साल मङ्सिर १ गते उपभोक्ताको हितमा काम गर्ने गरी पूर्वनगरप्रमुख मदनकृष्ण श्रेष्ठको अध्यक्षतामा गठन भएको कमेरोटार जग्गा एकीकरण आयोजना उपभोक्ता समिति एकपटक पनि पुनर्गठन नगरी कायम भइरहेको भन्दै खारेजीको माग गरेको छ ।

उपभोक्ता समिति नै जग्गाधनीको पक्षमा काम नगरेको, आयोजनाको बैठक भत्ता र अतिरिक्त सुविधामा लाभिएर आयोजना लम्ब्याउन सहयोग गरेको, उपभोक्ताकै विरुद्धमा लागेको, यही उपभोक्ता समितिमा जग्गाधनी रहनुपर्नेमा राजनीतिक दलका भागबन्डा बनाएर राखिएको, जग्गाधनीलाई समितिबाट बाहिर राखिएको, २० वर्षदेखि अरबौंको जग्गा बिक्री गरेर कुनै पनि हिसाब नराखेको, आयोजनाको वर्षौंदेखि अडिट नगरेको, करोडौं रुपैयाँ बैठक भत्तामै सकेको भन्दै उहाँले जनताको जग्गा बिक्री गरेर ब्रह्मलुट मच्चाएको समितिका अध्यक्ष श्रेष्ठको भनाइ छ ।नगर विकास प्राधिकरण, आयोजना र उपभोक्ता समितिको मिलेमतोमा जनताको जग्गा बिक्री गरी हिसाबसमेत पारदर्शीरुपमा नराखी आयोजनालाई केही व्यक्तिले भ्रष्टाचारको अखडा बनाएर आयोजना सम्पन्न गर्न नचाहेको समितिका अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

उहाँका अनुसार मध्यपुरथिमि नगरपालिकाका प्रमुख सरेन्द्र श्रेष्ठलाई ज्ञापनपत्र बुझाएर सुरु भएको अभियानमा, सहरी विकास मन्त्रालय, उपत्यका विकास प्राधिकरण, जिल्ला प्रशासन कार्यालय भक्तपुर, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी जिल्ला समिति, सांसद दुर्लभ थापालगायत विभिन्न राजनीतिक दल र सम्बन्धित निकायहरुमा ज्ञापनपत्र बुझाइसकेको उहाँले बताउनुभयो । आयोजनाभित्र अनेकौं बेथिति रहेको भन्दै समाजका सचिव ज्ञानेन्द्रकुमार कार्कीले अख्तियारले आयोजना सुरु भएदेखि अहिलेसम्मका सबै फाइल कब्जा गरेर अनुसन्धान गरी भ्रष्टाचारलाई बाहिर ल्याउनुपर्ने बताउनुभयो ।

मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले उपभोक्ता समिति खारेज गर्ने अधिकार नगरपालिकासँग नभएको र प्राधिकरणले यसलाई सुल्झाउनुपर्ने बताउनुहुन्छ । उहाँले प्राधिकरणले नगरपालिकालाई सम्पूर्ण स्वामित्व दिँदै आयोजना हस्तान्तरण गरे दुई वर्षभित्र आयोजना सम्पन्न गर्ने बताउनुहुन्छ ।

सडक कालोपत्र गर्न ठेक्का लागेका ठेकेदारले पहिलो किस्ता रकम लिएर काम नगरेको भन्दै अन्तिम छलफल चलिरहेको काम नगरे ठेक्का रद्ध गर्ने बताउनुभयो । खानेपानीका लागि आयोजनाले १४ लाख लिटर क्षमताको ट्याङ्की निर्माण सम्पन्न भएको, ट्याङ्कीमाथि पार्क निर्माण गर्ने तयारी गरेको, हरियालीसहितको खुल्ला क्षेत्र र खेलकुद मैदान निर्माणको चरणमा रहेको बताउनुभयो ।

# संसद्लाई 'बिजनेस' दिनेबारे छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । यही माघ २२ गतेदेखि प्रारम्भ हुने सङ्घीय संसद्लाई 'बिजनेस' दिनेबारेमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग छलफल गरेका छन् ।

मंगलबार दिउँसो प्रधानमन्त्री दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मन्त्रालयका अधिकारीहरूलाई बोलाएर आगामी संसद् अधिवेशनमा प्रस्तुत गर्ने विधेयकहरूको तयारीका बारेमा छलफल गर्नुभएको प्रधानमन्त्री कार्यालयको सचिवालयद्वारा प्रकाशित विज्ञप्तिमा जनाइएको छ ।

अघिल्लो संसद् अधिवेशनले कानुन निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको समीक्षा भइरहेका बेला छलफलमा प्रधानमन्त्रीले संसद्लाई बिजनेस दिने र अधिवेशनलाई प्रभावकारी तुल्याउनुपर्नेमा जोड दिएका हुन् । मन्त्रालयलाई निर्देशित गर्दै बैठकमा प्रधानमन्त्रीले भने, "अघिल्लो वर्ष संसद्ले कानुन निर्माणमा उदाहरणीय काम गर्न सकेन भन्ने समीक्षा छ । सरकारले पनि बिजनेस दिएन भन्ने मत पनि छ तर यसपटक त्यस्तो नहोस् ।"

सो छालफलका क्रममा प्रधानमन्त्रीले भने, "संसद् सुरु हुनेबित्तिकै धेरैभन्दा धेरै विधेयकहरू दर्ता गर्नेगरी तयारी गरौँ । मुख्यसचिवले 'फलो अप' गर्नुहोला । मन्त्रालयले सबै मन्त्रालयसँग समन्वय गरेर विधेयक ल्याउनुहोला । राम्रो तयारी गर्नुहोला । यसपटक संसद्लाई व्यवस्थित रूपले बिजनेस दिनुपर्छ । त्यो गुनासो नआउने गरी काम गर्नुहोला ।"

छलफलमा नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्यालले कानुनी परीक्षण र आर्थिक दायित्वको समेत परीक्षण भइसकेका विधेयकहरू छिटो संसद् पठाउनुपर्ने बताउँदै त्यसका लागि आवश्यक तयारी गर्न मन्त्रालयलाई निर्देशित गरे । बैठकमा सो मन्त्रालयका सचिव उदयराज सापकोटाले आगामी संसद् अधिवेशनमा प्रस्तुत गर्ने विधेयकहरूका निम्ति मन्त्रालयले आवश्यक गृहकार्य गरेको बताउँदै यस अधिवेशन प्रारम्भ हुनेबित्तिकै केही बिल पेस गर्न सकिने गरी तयारी गरिएको बताए ।

सचिव सापकोटाले केही विधेयक संसद् अधिवेशन प्रारम्भ भएलगत्तै संसद्मा दर्ता गर्न सकिने बताउँदै थप विधेयकका सन्दर्भमा द्रूत रुपमा काम गरिने जानकारी दिए ।

# उपप्रधानमन्त्रीसँग बेलायतका सेनाध्यक्षको शिष्टाचार भेट

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्कासँग बेलायती सेनाका सेनाध्यक्ष जनरल सर प्याट्रिक स्यान्डर्सले शिष्टाचार भेट गरेका छन् ।

मंगलबार सिंहदरबारस्थित रक्षामन्त्रालयमा भएको भेटमा उपप्रधानमन्त्री खड्काले सेनाध्यक्ष जनरल सर प्याट्रिक स्यान्डर्सलाई स्वागत गर्दै यस भ्रमणले दुई देशको द्विपक्षीय सम्बन्धलाई थप उचाइमा पुऱ्याउन सहयोग पुग्नेमा विश्वास व्यक्त गरे ।

भेटमा उपप्रधानमन्त्री खड्काले नेपाल र बेलायतबीच लामो समयदेखिको गहिरो द्विपक्षीय सम्बन्ध रहेको र उक्त सम्बन्ध जनस्तरसम्म फैलिएको बताए । उनले दुई देशबीच लोकतन्त्र, मानवअधिकार, कानुनको शासन र स्वतन्त्रता, मानव मूल्य र मर्यादाका विषयमा साझा धारणा रहेको उल्लेख गर्नुभयो । उहाँले गत वर्ष नेपाल र बेलायतको मैत्रीसन्धीको एक सय वर्ष पूरा भएको र अर्को एक सय वर्षका लागि जग बसाल्ने काम भएको बताए ।



साथै उनले बेलायत नेपालको प्रमुख विकास साझेदार रहेको र कठिन समयमा समेत बेलायतले सहयोग र समर्थन गर्दै आएकोमा प्रसन्नता व्यक्त गरे । उनले ब्रिटिस सेनामा सेवारत ब्रिटिश गोर्खाहरूको योगदान अतुलनीय रहेको उल्लेख गर्दै सन् १९९७ अघि सेवानिवृत्त भएका ब्रिटिश गोर्खालीहरूको आफ्ना बेलायती समकक्षहरूसँग समान पेन्सन र सुविधा उपलब्ध गराउन गरेको माग सम्बन्धमा बेतालयको तर्फबाट सकारात्मक पहलको निमित्त अनुरोध गरे ।

यस विषयमा आपसी समझदारीमा समाधानका लागि द्विपक्षीय समिति गठन भई विगत लामो समयदेखि छलफलमा रहेको भए पनि ठोस नतिजा हासिल भई नसकेकोले यस सम्बन्धमा ब्रिटिस सरकारको तर्फबाट थप उदारताका लागि अनुरोध गरे । साथै नेपाल र बेलायतबीचको विगत लामो समयदेखिको सैन्य सहयोग आदान-प्रदान हुँदै आएको र नेपाली सेना र बेलायती सशस्त्र बलहरूले द्विपक्षीय तालिम तथा सहयोग आदान प्रदानमा मिलेर काम गरिरहेको बताए ।सन् २०२३ अक्टोबरमा क्याम्ब्रियन गस्तीमा १० नेपाली सेनाले भाग लिएको स्मरण गर्दै नेपाली सेनाका लागि 'एक्सप्लोसिभ अर्डिनेन्स डिस्पोजल' होल्डिङ युनिट स्थापना गर्न ब्रिटिश सरकारको तर्फबाट भएको सहयोग महत्वपूर्ण रहेको उल्लेख गरे ।

सो अवसरमा बेलायती सेनाका सेनाध्यक्ष जनरल सर प्याट्रिक स्यान्डर्सले उपप्रधानमन्त्री एवम् रक्षामन्त्री खड्काले बेलायत गोर्खा सैनिकबारे उठाउनु भएको विषयलाई आफूले गम्भीरतापूर्वक लिएको उल्लेख गरे । अन्तर्राष्ट्रिय सुरक्षा वातावरण थप जटिल बन्दै गइरहेकोले अन्तर्राष्ट्रिय शान्ति स्थापनामा मिलेर काम गर्नुपर्ने अवस्था सृजना भएको बताए ।

साथै अन्तर्राष्ट्रिय शान्ति स्थापनामा शान्ति सैनिक खटाउने दोस्रो ठूलो राष्ट्रको हैसियतमा नेपालको भूमिका महत्त्वपूर्ण रहेको विचार व्यक्त गर्दै उनले बेलायतले आगामी दिनमा नेपालसँग थप सहकार्य गर्ने इच्छुक रहेको बताए । उनले बेलायतको प्रतिकुल आर्थिक अवस्थाको वाबजुद पनि नेपाललाई उपलब्ध हुँदै आएको सहयोग निरन्तर रूपमा प्राप्त भइरहने विश्वास समेत दिलाए । शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालयका सचिव किरणराज शर्मा, सहसचिव बाबुराम अधिकारी, परराष्ट्र मन्त्रालयका अधिकारीका साथै बेलायती राजदूत एवं अन्य पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

यसैबीच, प्रधानसेनापति प्रभुराम शर्मा र बेलायती सेनाका सेनाध्यक्ष प्रमुख स्यान्डर्सबीच सैनिक मुख्यालय जङ्गीअड्डामा भेटवार्ता भएको छ । भेटमा उनीहरुबीच नेपाल र बेलायतबीच सदियौँदेखि रहिआएको पारस्परिकसम्बन्ध तथा दुई देशका सेनाबीच रहिआएको सुमधुर तुल्याउने लगायत आपसी चासोका विषयमा छलफल भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

यसअघि बेलायतका सेना प्रमुखको सम्मानमा जङ्गी अड्डामा नेपाली सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो । उनी नेपालको छ दिवसीय भ्रमणका लागि यहाँ आएका हुन् ।

# 'लगानीकर्ता र उद्यमीलाई स्वागत गर्न तत्पर छौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपालमा आगामी वैशाखमा हुने लगानी शिखर सम्मेलनमा कोरियाली लगानीकर्ता र उद्यमीहरूको ठूलो संख्यालाई स्वागत गर्न आफूहरु तत्पर रहेको बताएका छन् ।

नेपाल र गणतन्त्र दक्षिण कोरियाबीचको कूटनीतिक सम्बन्धको ५०औँ वार्षिकोत्सवका अवसरमा मंगलबार आयोजित समारोहमा उनले कोरियाली कम्पनीहरूले आफ्नो लगानी नेपालमा विस्तार गरेको आफूहरुले हेर्न चाहेको बताए । मन्त्री साउदले सामसुङ, हुन्डाई मोटर्सलगायत कोरियाली कम्पनीहरूले नेपालमा लगानीका सम्भावनाहरू खोज्न गहिरो चासो लिएकामा नेपाल सरकारले यो अवसरको सदुपयोग गर्ने उल्लेख गरे ।




"हाम्रा दुई देशबीच आर्थिक सहयोग विस्तार गर्ने प्रचुर सम्भावना छ । ती सम्भावनाहरू अन्वेषण गरौँ । द्विपक्षीय व्यापार र लगानी अभिवृद्धि गरौँ । कृषि, ऊर्जा, पर्यटन र सूचना प्रविधिको क्षेत्रमा साझेदारीलाई सुदृढ बनाऔँ", उनले भने, " कोरियामा हजारौँ नेपाली कामदार छन् । ठूलो संख्यामा नेपालीले थप अध्ययनका लागि कोरिया छनौट गरेका छन् । हजारौँ कोरियाली नागरिक पर्यटकका रूपमा नेपाल आउने गरेका छन् । आगामी दिनहरूमा, हामी यी आदानप्रदानहरूलाई अझ विस्तार गर्नेछौँ ।"

नेपाल र गणतन्त्र कोरियाबीच सन् १९७४ मे १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । मन्त्री साउदले दुई देशबीच सम्बन्ध प्रगाढ बन्दै गएको उल्लेख गर्दै यो सम्बन्ध मित्रता, सौहार्द्रता, सहयोग, आपसी सम्बन्धमा आधारित रहेको बताए । गणतन्त्र कोरियाले छोटो समयमा हासिल गरेको प्रगति, र समृद्धिका सफलताका कथाहरूबाट नेपालले धेरै कुरा सिक्ने बताउँदै उनले पारस्परिक रूपमा लाभदायक क्षेत्रमा हाम्रो साझेदारी बढाउन चाहन्छ भने ।

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले कोरिया सरकारले नेपालीलाई रोजगारका क्षेत्रमा दिएको प्राथमिकताको प्रशंसा गर्दै नेपालीले कोरियामा सिकेको सीप, अनुभव र ज्ञान स्वदेशमा उपयोगी हुने विश्वास व्यक्त गरे । साथै उनले कोरिया सरकारले नेपालको विकास निर्माणका क्षेत्रमा गरेको योगदानले दुई देशबीच आत्मीय र भाइचाराको सम्बन्ध विस्तार भएको बताए ।

कार्यक्रममा कोरियाका राजदूत पार्क तियोङले विगत ५० वर्षको यात्रा साझा मूल्यमान्यता, आपसी सम्मान र हाम्रा जनताको राम्रो भविष्य निर्माण गर्ने प्रतिबद्धताको कथा भएको बताए । यस अवधिमा द्विपक्षीय सम्बन्ध फस्टाउँदै गएको र बलियो बन्धनका रुपमा रहेको उल्लेख गर्दै उनले कोरिया र नेपालबीचको सहकार्य व्यक्तिगत र आर्थिक विकासका लागि शक्तिशाली उत्प्रेरक भएको बताए ।

राजदूत पार्कले भने, "यो ऐतिहासिक कोसेढुङ्गामा पुगेकामा म दुवै देशका नेता तथा जनतालाई बधाई ज्ञापन गर्दछु । यो अनगिन्ती व्यक्तिको समर्पण र प्रतिबद्धताको प्रमाण हो, जसले सम्बन्ध निर्माण र विस्तार गर्न, समझदारी बढाउन र हाम्रा राष्ट्रहरूबीचको सहयोगलाई बढावा दिन अथक प्रयास गरेका छन् ।"

सो अवसरमा मन्त्री र राजदूतले संयुक्तरुपमा ५०औँ वार्षिकोत्सवको स्मरणार्थ लोगो अनावरण तथा कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस) कार्यक्रमबाट फर्किएका नेपालीको सफलताको कथामा आधारित पुस्तक 'तपाईं पनि मालिक बन्न सक्नुहुन्छ'को विमोचन गरेका थिए ।

# कारागारको फोहरमैला व्यवस्थापनमा पहल गर्छु : सभामुख

**टुडे समाचारदाता**

झापा । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले झापा कारागारको फोहरमैला व्यवस्थापनका लागि पहल गर्ने बताएका छन् ।



झापा जिल्ला कारागारमा मंगलबार बन्दी विकास पुस्तकालयको २६औँ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै सभामुख घिमिरेले क्षमताभन्दा बढी कैदीबन्दीका कारण सिर्जित समस्या समाधानमा पहल गर्ने बताएका हुन् ।

उनले परिबन्धमा परेर कठोर जेलजीवन बिताउन बाध्य कैदीबन्दीले पाउनुपर्ने न्यूनतम सुविधामा नजरअन्दाज गर्न नमिल्ने धारणा राखे । सभामुख घिमिरेले कैदीबन्दीले विगतको गल्तीबाट पाठ सिकेर कैद भुक्तानपछिको बाँकी जीवनलाई समाज रुपान्तरणमा लगाउन आग्रह गरे ।

"मुलुकमा राम्रा र सुविधा सम्पन्न बन्दी गृह बनाउनुभन्दा कोही पनि बन्दी बनेर आउने परिस्थिति सृजना हुन नदिने वातावरण बनाउनुपर्छ", उनले भने, "अपराध गर्ने मनोवृत्ति नियन्त्रण गर्नुपर्छ, पूर्वाग्रह र जालसाजबाट जो कोहीलाई पनि फसाउने वातावरण बन्नु हुँदैन । त्यसो भए जेल नै चाहिँदैन ।" उनले कैदीबन्दीको विविध समस्या सुधारका लागि आफूले कोसिस गर्ने आश्वासन दिए । कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेको कारागार प्रमुख मोहनलाल पनेरुले बताए । उनका अनुसार एक हजार पाँच सय २७ पुरुष, दुईजना नाबालक र ९२ जना महिला गरी एक हजार ६ सय २१ जना कैदीबन्दी कारागारमा छन् ।

उनले विगत एक वर्षअघि थपिएको एउटा भवनसहित गरी सात सयजना कैदीबन्दी अट्ने क्षमता रहेको कारागारमा क्षमताभन्दा बढी कैदीबन्दीका कारण फोहर-मैला व्यवस्थापनमा समस्या बढिरहेको बताए । बन्दी विकास पुस्तकालयका सचिव रमेश पोखरलले नेपाल सरकारले उपलब्ध गराउँदै आएको दैनिक रु ८० र सात सय ग्राम चामलले जीवन धान्न कठिनाइ भइरहेको बताए । उनले कारागारमा बन्दी जीवन बिताइरहेकाहरुका लागि सीप सिकाउने, खेलहरु खेलाउने, अध्ययन अध्यापनमा रुचि जोगाउनेलगायत नमूना कार्यहरु गर्दै आएको बताए ।

कार्यक्रममा प्रतिनिधिसभाका सदस्य एलपी सावा, प्रदेशसभा सदस्य चिन्तन पाठक, गोपाल तामाङ, पूर्वसदस्य वसन्त बानियाँ, मेचीनगर नगरपालिकाका प्रमुख गोपाल बुढाथोकी, दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराईलगायतलाई बन्दी पुस्तकालयलाई सहयोग गरेबापत सम्मान गरिएको थियो ।

# मानुङकोटले देशकै पर्यटनमा योगदान पुऱ्याउँछ : मन्त्री

**टुडे समाचारदाता**

दमौली । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्र आचार्यले मानुङकोटले देशकै पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने बताएका छन् ।

तनहुँको व्यास नगरपालिकाले मंगलबार आयोजना गरेको सातौँ व्यास नगर अल्ट्रा म्याराथनको व्यास नगरपालिका-५ मानुङकोटमा उद्घाटन गर्दै मन्त्री आचार्यले मानुङ पर्यटकीय गन्तव्यका रुपमा विकास भइरहेको र यसले देशको पर्यटन क्षेत्रमा योगदान दिने उल्लेख गरे ।

उनले भने, "पछिल्लो समय मानुङकोट देश तथा विदेशमा प्रख्यात भइरहेको छ । यसले तनहुँको मात्रै समृद्धिमा टेवा दिँदैन देशकै समृद्धिमा योगदान दिन्छ ।" मानुङकोटमा पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने बताउँदै उनले सङ्घ सरकारको समेत यसमा समर्थन रहने बताए । नगरप्रमुख वैकुण्ठ न्यौपानेले खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धनका लागि म्याराथन आयोजना गरिएको बताए । प्रत्येक वर्ष धावकलाई दौडाउने मात्रै नभई यहाँको पर्यटन र संस्कृतिका बारेमा प्रचारप्रसार गर्नु उद्देश्य रहेको उनको भनाइ छ ।

उनले भने, "खाली खेलाडीलाई दौडाउन मात्र होइन, यस ठाउँको प्रचारप्रसार गर्दै विकास अभियानमा सङ्घ र प्रदेश सरकारलाई जोड्न चाहेका छौँ । मानुङकोटसम्म पुग्न कालोपत्र सडक भए पनि पुलिमराङमा अझै पनि कच्ची सडक छ । त्यहाँको बाटो पनि कालोपत्र गर्ने लक्ष्य राखेका छौँ ।"

व्यास नगरपालिकाअन्तर्गतका मगर र गुरुङ गाउँ जोड्ने अल्ट्रा म्याराथन आयोजना गरिएको हो । शहीद दिवसका अवसर पारेर व्यास नगरपालिकाले आज ४४ किमी दूरीको सातौँ व्यास नगर अल्ट्रा म्याराथन आयोजना गरेको हो । म्याराथनमा एक सय १६ धावकको सहभागिता रहेको छ । म्याराथनमा विभागीय टोली त्रिभुवन आर्मी क्लब, सशस्त्र र प्रहरीका धावकको समेत सहभागिता रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिए ।

प्रतियोगितामा तनहुँका अतिरिक्त कास्की, लमजुङ, गोरखा, धादिङ, चितवन, डोल्पा, रुकुम, काठमाडौँलगायत जिल्लाबाट धावकको सहभागिता रहेको छ । व्यास नगरपालिका-५ मानुङबाट सुरु म्याराथन मानुङकोट सिद्ध मार्ग हुँदै अलैँचे-चापाघाट-अनसन चौतारी-सफासडक-भोर्लेटार चोक-बैरेनी-दुम्सी-कलेस्ती-पाथ्रा-सत्रसय-बानियाँ डिही-बर्लाची-सोतीवेशी-बगुवा रिस्ती-बाहुन पोखरा हुँदै व्यास नगरपालिका-८ पुलिमराङमा पुगेर सकिनेछ ।

त्यसका लागि व्यास-४ रेन्ज पोष्ट, व्यास-१० खहरे, व्यास-७ पाथ्रा, व्यास-७ सत्रसय, व्यास-८ रिस्ती सोतीवेशी, व्यास-८ वडा कार्यालय, व्यास-८ गाडापानी र पुलिमराङमा चेकपोष्ट राखिएको छ । अल्ट्रा म्याराथनमा प्रथम हुनेलाई रु ८५ हजार ८०, द्वितीय हुनेलाई रु ६५ हजार ८०, तृतीय हुनेलाई रु ५५ हजार ८० र सान्त्वना हुने पाँच जनालाई जनही रु १६ हजार ८० नगद पुरस्कार प्रदान गरिनेछ ।

गत वर्ष जिल्लाभित्रका धावकलाई मात्रै सहभागी गराइएको थियो । गत वर्ष आयोजित म्याराथनको उपाधि व्यास-७ निवासी विशाल गुरुङले जितेका थिए । गत वर्ष ४४ किमी दूरी तीन घण्टा २९ मिनेट २६ सेकेन्डमा पूरा गर्दै गुरुङले उपाधि जितेका हुन् । त्यस्तै गत वर्षको प्रतियोगितामा व्यास नगरपालिका-६ का सहास पन्थ द्वितीय, आँबुखैरेनी गाउँपालिका-१ का सनम गुरुङ तृतीय भएका थिए ।


**लक्ष्मीनियाँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लक्ष्मीनियाँ बजार, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**तेश्रो पटक संशोधित मिति : २०८०/१०/१७**

यस कार्यालयबाट आ.व. २०८०/८१ का लागि आन्तरिक आय अन्तर्गत यस ल.गा.पा.को मिति २०८०।१०।११ गते विहीबारको दिन राजश्व परामर्श समितिको बैठकको निर्णय तपसिल बमोजिमको कर दस्तुर असुली कार्य ठेक्का बन्दोवस्तद्वारा संकलन गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही दरभाउपत्र फारम यस गाउँपालिकाबाट खरिद गर्न र ८ औं दिनको १२:०० बजेभित्र सो दिन सार्वजनिक विदा परे त्यसको भोलिपल्ट सिलबन्दी दरभाउपत्र दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | कुल न्यूनतम अंक | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| ३/२०८०/२०८१ | गजरिया बजार, ल.गा.पा.-३ | ३५,०००।- | १,०००।- |

**शर्तहरू :**

१. बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यथा दिइनेछ ।
२. ठेक्का अवधी पट्टा पत्र पाएको मिति देखि २०८१ जेष्ठ मसान्तसम्म हुनेछ ।
३. उलेख्य नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।
४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
५. कबोल अंकको दश प्रतिशत रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा रहेको यस गाउँपालिकाको स्थानीय तह धरौटी खाताको खाता नं. १७६०१४००००००२४ (खाता समुह ग-३) मा जम्मा गरी सक्कलै रसिद सिलबन्दी प्रस्ताव संग पेश गर्नुपर्नेछ ।
६. सिलन्दी प्रस्ताव दर्ताको लागि राजश्व तिरेको सक्कलै रसिद संलग्न गर्नुपर्नेछ ।
७. स्वीकृत कबोल अंकको शत प्रतिशत रकम गाउँपालिकाको आन्तरिक राजश्व खाताको खाता नं. १७६०१४००००००९३ (खाता समुह ग १-१) मा जम्मा गरेपछि मात्र चलन पुर्जि दिईनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# राजनीतिक दलको घोषणापत्रमा आर्थिक दूरदर्शिताको अभाव

**एएनआई**

इस्लामाबाद । पाकिस्तानी कार्यवाहक प्रधानमन्त्री अन्वर उल हक काकरले आम चुनावका लागि राजनीतिक दलहरूले जारी गरेको घोषणापत्रमा असन्तुष्टि व्यक्त गर्नु भएको छ । सोमबार राजनीतिक पार्टीले आफ्ना घोषणापत्र मार्फत अर्थतन्त्रको लागि उच्च तथा दिगो योजना प्रस्तुत नगरेको उहाँले बताउनु भएको हो ।

प्रधानमन्त्री काकरले आम चुनावमा भइरहेको ढिलाइलाई औचित्य प्रमाणित गर्ने कुनै कारण नभएको आश्वासन दिनु भएको छ । उहाँले अन्तर्वार्तामा राजनीतिक दलका उम्मेद्वारहरूले प्रचार गरिरहेको तथा आम चुनावमा ढिलाइका बारेमा फैलिएका अफवाहहरू फेब्रुअरी ८ गते साँझ समाप्त हुने बताउनु भएको छ । प्रधानमन्त्री काकरले दलहरूले अर्थतन्त्र सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने कुरामा जोड दिदै कुनै पनि राजनीतिक पार्टीले दीर्घकालीन आर्थिक समस्याहरू समाधान गर्न प्रभावकारी एजेन्डा नल्याएको उल्लेख गर्नुभयो । रोजगार,



आश्रय, सुलभ बिजुली, खाद्य सुरक्षा लगाएतका विषयमा राजनीतिक दलहरूले आफ्नो अभियानमा गरेका दाबीहरू स्थिर अर्थतन्त्रमा आकस्मिक रहेको उहाँको धारणा छ ।

उहाँका अनुसार राजनीतिक दलहरूले राजस्व उत्पादन र करको क्षेत्र विस्तार गर्ने योजना बनाउनु आवश्यक रहेको छ ।स्क्यान्डिनेभियाली देशहरूमा ९१ प्रतिशत कर-जीडीपी अनुपातको उदाहरण दिदै पाकिस्तानी करको जीडिपीमा अनुदान अनुपात ९ प्रतिशत मात्र रहेको काकरको दाबी छ ।निर्वाचन अघि वा पछि भएको धाँधलीका बारेमा उहाँले संसद्ले विगतबाट पाठ सिकी निर्वाचन सम्बन्धी कानूनमा भएका त्रुटिहरूलाई सम्बोधन गर्नुपर्ने बताउनु भएको छ ।

उहाँले पर्यवेक्षकहरूले अनुगमन गर्ने,स्थानीय र अन्तरराष्ट्रिय सञ्चार माध्यमले गतिविधिको बारेमा रिपोर्ट गर्ने, मापदण्ड अनुसार चुनाव स्वतन्त्र र निष्पक्ष हुने आश्वासन दिलाउनु भयो । मतदानको समय फेब्रुअरी ८ गते ९ बजेदेखि साँझ ५ बजे सम्म हुनेछ । सबैले मतदान गरी आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न प्रधानमन्त्रीको आग्रह छ ।

यसै बीच पाकिस्तानले सङ्घीय मन्त्रीहरू तथा सरकारी अधिकारीहरूलाई चुनाव नभएसम्म विदेश यात्रा गर्न प्रतिबन्ध लगाएको छ ।

# प्रधानमन्त्री कपको अन्तिम खेलमा कोशी विजयी

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा कोशी प्रदेशले पहिलो जित हासिल गरेको छ । कोशीले लुम्बिनी प्रदेशलाई १६ रनले हराउँदै आफ्नो अपराजित यात्रा टुङ्ग्याएको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको खेलमा कोशीले अन्तिम खेलमा लुम्बिनीलाई पराजित गर्दै दुई अङ्कका साथ प्रतियोगिताको अन्त्य गरेको छ । कोशीले टस हारेपछि पहिला ब्याटिङ गर्दै ४४ दशमलव चार ओभरमा सबै विकेट गुमाएर एक सय ७२ रन बनायो । एक सय ७३ रनको विजयी लक्ष्य पच्छाएको लुम्बिनीको पारी ४६ दशमलव पाँच ओभरमा सवै विकेट गुमाएर एक सय ५६ रनमा समेटियो ।



लुम्बिनीका लागि दिलसाद अलीले सर्वाधिक ३२ रनको योगदान दिए । त्यस्तै विराट भण्डारीले २८, समराट भुसालले २६ तथा कृष्ण कार्कीले २२ रन बनाए । यस्तै कप्तान सुशान्त थापा र निर्मल गुरुङले समान ११/११ रन जोडे । बलिङतर्फ कोशीका सुजन घिमिरेले तीन तथा अभ्यास तिमिल्सिना, कमल खत्री र समीर कार्कीले दुई दुई विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गर्ने क्रममा कोशीका लागि कप्तान अङ्कित सुवेदीले सर्वाधिक ४९ रनको योगदान दिए । त्यस्तै सौजन घिमिरेले ४३, मिनास थापाले २५ तथा सोनु अन्सारीले १७ रन बनाए । बलिङतर्फ लुम्बिनीका नर सार्कीले चार विकेट लिए । यस्तै वीर मगरले तीन तथा अभिशेक गौतमले दुई र कृष्ण कार्कीले एक विकेट लिए ।

# आसियान विदेश मन्त्रीहरूको रिट्रीट लाओसमा




**सिन्ह्वा**

भेन्टियान । आसियानः अन्तर सञ्जाल र लचिलोपन बढाउँदै“ भन्ने नाराका साथ उत्तरी लाओसको लुआङ प्राबाङ प्रान्तमा आसियान (दक्षिण पूर्व एसियाली राष्ट्रहरूको संघ) विदेश मन्त्रीहरूको रिट्रीट शुरु भएको छ।

सोमबार लाओका उपप्रधान तथा विदेशमन्त्री सालेमक्से कोमासिथको अध्यक्षतामा भएको बैठकमा आसियान कम्युनिटी भिजन २०२५ को कार्यान्वयन र लाओसको आसियान अध्यक्षता २०२४ का प्राथमिकताहरूका साथै आसियानलाई थप सुदृढ गर्ने ठोस र दिगो उपायहरूबारे छलफल भएको बताइएको छा क्षेत्रीय र विश्वव्यापी चुनौतीहरूका बीचमा एकता, केन्द्रीयता र लचिलोपनलाई सबल बनाउने विषयमा छलफल भएको बुझिएको छ।

सो भेटमा सहभागीहरूले साझा चासोका साथै क्षेत्रीय र अन्तरराष्ट्रिय मुद्दाहरूमा विचार आदानप्रदान गर्नु भएको थियो। बैठकले साझा रणनीतिक योजनाहरूको विकासमा समावेशी र समग्र दृष्टिकोणको महत्त्वलाई जोड दिएको र यस सम्बन्धमा आसियान समुदायका तीनवटा मुख्य मुद्दाहरूमा सम्बन्धित सरोकारवालाहरूसँग थप परामर्श गर्न तयारी छ।

बैठकले एपीटी सहयोग कार्य योजना २०२३-२०२७ को कार्यान्वयन लगायत पूर्व एसियाली क्षेत्रमा शान्ति, स्थायित्व र समृद्धि प्रवर्द्धन गर्न आसियानलाई चालक शक्तिका रूपमा आसियान प्लस थ्री (एपीटी) सहयोगलाई थप प्रवर्द्धन गर्न सहमत भएको सहभागीहरूले बताएका छन् ।बैठकले सन् २०२३ मा इन्डोनेसियामा सम्पन्न ४३औँ आसियान शिखर सम्मेलन र अन्य सम्बन्धित बैठकको नतिजाको कार्यान्वयनको प्रगतिको समीक्षा पनि गरेको थियो।

# कुहिरोका कारण भारतमा उडान तथा रेल सेवा प्रभावित

**एएनहाई**

नयाँदिल्ली । मङ्गलबार बिहान राजधानी र उत्तर भारतमा बाक्लो कुहिरोका कारण दृश्यता कम भएपछि दिल्ली जाने १९ वटा रेलहरू निर्धारित समयभन्दा पछि हिँडेको रेलवे अधिकारीहरूले जानकारी दिए ।

खराब मौसमका कारण जम्मु तवी-दिल्ली एक्सप्रेस, हावडा-दिल्ली डोरोन्थो, हावडा-दिल्ली राजधानी एक्सप्रेस, भुवनेश्वर-दिल्ली राजधानी एक्सप्रेस, डिब्रूगढ-दिल्ली राजधानी एक्सप्रेस र पुरी-दिल्ली एक्सप्रेस ढिला भएका थिए। रेवा-आनन्द विहार टर्मिनल, भागलपुर-आनन्दविहार एक्सप्रेस, बनारस-दिल्ली एक्सप्रेस, चेन्नई-दिल्ली एक्सप्रेस, हैदराबाद-दिल्ली एक्सप्रेस र रानीकमलापति-हजरत निजामुद्दीन एक्सप्रेस पनि प्रभावित भएका छन् ।

नयाँ दिल्ली रेलवे स्टेसनमा रेलहरू निर्धारित समयभन्दा ढिलो चल्दा यात्रुहरू समस्यामा परेका थिए ।यसैबीच, मङ्गलबार बिहान राजधानीमा घना कुहिरोका कारण दिल्ली विमानस्थलमा उडान पनि अवरुद्ध भएको छ ।विमानस्थलले मङ्गलबार सूचना जारी गर्दै मापदण्ड पूरा नगर्ने उडानहरूले अवतरण र टेक-अफको समयमा अवरोधको सामना गर्न सक्ने बताएको छ ।

यात्रुहरूलाई उडानको स्थितिसम्बन्धी अद्यावधिक जानकारीका लागि एयरलाइन्सलाई सम्पर्क गर्न पनि आग्रह गरिएको छ ।सोमबार पनि, कुहिरो तथा अधिक चिसोले राजधानीमा रेल तथा हवाई उडानलाई असर गर्दा रेल र उडानहरू ढिलाइ भएका थिए ।भारतीय मौसम विज्ञान विभाग (आइएमडी) ले मङ्गलबार राजधानीका थप्रै भागहरूमा कुहिरो लाग्ने पूर्वानुमान गरेको थियो ।



# चर्च ब्वाइज सेमिफाइनलमा

**टुडे समाचारदाता**

कास्की । चर्च ब्वाइज युनाइटेड क्लब पोखरामा जारी २३औँ संस्करणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।



पोखरा रङ्गशालामा मंगलबार भएको क्वाटरफाइनलको अन्तिम खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई १-० गोलअन्तरले हराउँदै चर्च ब्वाइजले अन्तिम चारमा स्थान बनाएको हो । चर्च ब्वाइजका लागि खेलको ७३औँ मिनेटमा समिर तामाङले निर्णायक गोल गरेका थिए। खेलको म्यान अफ दी म्याच भएका उनले रु १० हजार पुरस्कार पाए ।

पहिलो हाफमा दुवै टोलीले रक्षात्मक खेल खेलका थिए । दोस्रो हाफमा भने चर्च ब्वाइजले आक्रामक खेल खेल्यो । पुलिस क्लबले भने पाएको अवसरको फाइदा उठाउन सकेन । चर्च ब्वाइजले अब फाइनल प्रवेशका लागि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबसँग खेल्नेछ ।

पुलिस क्लब र चर्च ब्वाइज अघिल्लो संस्करणदेखी आहा रारामा सहभागी भएका हुन् । अघिल्लो पटक प्रिक्वाटर फाइनलमा यी दुवै टोली भिडेका थिए। त्यसबेला पनि चर्च ब्वाइजले २-१ गोलले खेल जितेको थियो । चर्च ब्वाइज अघिल्लो संस्करणमा सेमिफाइनलसम्म पुगेको थियो । पुलिस क्लबले भने क्याराभान गोल्डकपसहित हालसम्म पाँच पटक प्रतियोगिताको उपाधि जितेको छ।

प्रतियोगिताअन्तर्गत बुधबार पहिलो सेमिफाइनल खेल थ्रिस्टार क्लब र जावालखेल क्लबकाबीच हुने आयोजक सहारा क्लब पोखराका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए। यही माघ ९ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल माघ २० गते हुनेछ । च्याम्पियन टोलीले रु १२ लाख एक हजार तथा उपविजेताले रु छ लाख एक हजार नगदसहित ट्रफी प्राप्त गर्ने छ।

# पश्चिमी पाकिस्तानमा गोली हानाहानमा छ आतङ्ककारीको मृत्यु



**एएफपी**

कराँची। पश्चिमी पाकिस्तानको बलुचिस्तान प्रान्तमा सुरक्षा बलसँग रातभर चलेको मुठभेडमा कम्तीमा छ आतङ्ककारी मारिएको एक अधिकारीले मङ्गलबार बताएका छन् ।

प्रान्तीय सरकारका प्रवक्ता जान अचकजाईले अर्धसैनिक मुख्यालय र एक प्रहरी चौकीसहित कम्तीमा तीन वटा राज्य सुविधामा सुरक्षा बलहरूले समन्वित हमलालाहरूलाई असफल बनाइदिएको बताउनुभयो । उहाँले मध्य बोलान जिल्लामा हमलाका क्रममा छ आतङ्ककारी मारिएको जानकारी दिनुभयो । मेडिकल उद्धार टोलीले हमलामा १३ सर्वसाधारण घाइते भएका र तीमध्ये दुई जनाको अवस्था चिन्ताजनक रहेको जानकारी दिएको छ।

सशस्त्र पृथकतावादी समूह बलुचिस्तान लिबरेसन आर्मी (बिएलए) ले हमलाको जिम्मेबारी लिएको छ । इस्लामाबाद दशकौँदेखि प्राकृतिक स्रोतहरूले समृद्ध पाकिस्तानको सबैभन्दा ठूलो तर सबैभन्दा गरिब प्रान्त बलुचिस्तानमा जातीय पृथकतावादी गुटहरूसँग लडिरहेको छ ।स्थानीय बासिन्दाहरूले बलुचिस्तान क्षेत्र पाकिस्तानको मानव विकास सूचकाङ्कमा लगातार तल्लो स्थानमा रहेकाले आफूहरूलाई तेल र ग्यास भण्डारबाट सम्पत्तिको उचित हिस्सा प्राप्त नभएको बताएका छन् ।

अधिकार समूहहरूले जातीय बलुच नागरिकहरूमाथि सैन्य कारबाहीमा जबरजस्ती बेपत्ता र गैरन्यायिक हत्याहरू समावेश भएको बताएका छन् ।

# इटालीका किसानहरूद्वारा आन्दोलनलाई तीव्रता

**एएफपी**

मेलेग्नानो । दर्जनौं इटालेली किसानहरूले मङ्गलबार मिलान नजिकै ट्र्याक्टरहरूबाट विरोध प्रदर्शन गरेका छन् । यो किसानहरूको जीविकोपार्जनको डरले मुलुकभर साना प्रदर्शनहरूको शृंखलामा पछिल्लो प्रदर्शन हो ।

हालैका साताहरूमा सिसिलीबाट ट्रेन्टोसम्म अचनाक विरोध प्रदर्शन सुरु भएका छन्। सडकहरू अवरुद्ध गर्ने समाचार अहिले नियमित भएको छ। यद्यपि तिनीहरू अहिलेसम्म फ्रान्स, जर्मनी वा बेल्जियममा किसान प्रदर्शनको स्तरसम्म पुगेका छैनन् ।

“हामी युरोपले धोका दिएका सबै कुरा रोक्न तयार छौँ”, मिलान बाहिर मेलेग्नानो नजिकैको विरोध प्रदर्शनमा प्लेकार्डमा घोषणा गरिएको छ । प्रदर्शनकारीहरू युरोपेली सङ्घ (इयु) का नियमहरू, आफ्ना उत्पादनमा मुद्रास्फीति र करहरूको प्रभावलाई लिएर असन्तुष्ट छन् । उनीहरूले आफ्नो धरौटीलाई स्थगन गर्न माग गरेका छन् ।

“युरोपले हामीमाथि यस्तो नियम थोपर्छ जसको कुनै अर्थ छैन, हामी अब जीविकोपार्जन गर्न सक्तैनौँ, हामी धेरै पैसा कमाउन चाहन्छौँ र आफ्ना उत्पादनहरूको मूल्य तिनीहरूको मूल्यअनुसार चाहन्छौँ”, उत्तरी इटालीमा विरोध प्रदर्शनका आयोजकमध्येको एक लुइसिटो नाल्डीले भन्नुभयो, “हामी थाकेका छौँ ।” उहाँका अनुसार परिस्थिति यति कठिन भइसकेको छ कि किसानहरूले आत्महत्या गरिरहेका छन् ।

उहाँले प्रधानमन्त्री जियोर्जिया मेलोनीको सरकारसँग भेट्न खोजिरहेको बताउनुभयो। “जे कारणले फ्रान्स, जर्मनी, पोल्यान्ड र रोमानियामा विरोध प्रदर्शन भइरहेको छ त्यही कारणले हामीले विरोध गरिरहेका छौँ”, उहाँले भन्नुभयो, “जबसम्म सरकारले हामीलाई रोममा आमन्त्रण गर्दैन तबसम्म विरोध प्रदर्शन जारी रहन्छ ।”

# भारतीय नौसेनाद्वारा १९ जना पाकिस्तानीको उद्धार

**एनएनआई**

नयाँदिल्ली । भारतीय नौसेनाको युद्धपोत आइएनएस सुमित्राले सोमालियाको पूर्वी तटबाट जाँदै गरेको इरानी माछा मार्ने जहाज अल नईमीमा समुद्री डकैतीको प्रयासलाई विफल बनाएको छ । साथै सोमबार १९ जना पाकिस्तानी नागरिकलाई सफलतापूर्वक उद्धार गरेको भारतीय नौसेनाले विज्ञप्तिमा जनाएको छ ।


सोमाली समुद्री डाकुहरूबाट इरानी झण्डा बोकेको माछा मार्ने जहाज एफभी इमानलाई बचाई भारतीय नौसेनाले उद्धार गरेको जनाएको छ । सोमालियाको पूर्वी तट र एडनको खाडीमा समुद्री डकैती विरोधी कारबाहीमा १७ जना चालक दलका सदस्यहरू सहभागी थिए ।

भारतीय नौसेनाका अनुसार युद्धपोत आइएनएस सुमित्राले सङ्कटग्रस्त जहाजलाई रोकी माछा मार्ने जहाज पत्ता लगाएको थियो। बन्धक बनाइएका १९ पाकिस्तानी राष्ट्रिय चालक दलका सदस्यहरूलाई उद्धार गरिएको छ ।

युद्धपोतले डुङ्गासहित चालक दलका सदस्यहरूको सुरक्षित रिहाइका लागि समुद्री डाकुहरूलाई बाध्य पारी डुङ्गासहित सबै १९ जनाको रिहाइ गरेको छ।

आईएनएस सुमित्राले ३६ घण्टाको अथक प्रयासबाट कोचीबाट करिब आठ सय ५० एनएम पश्चिम दक्षिणी अरब सागरमा ३६ चालक दल (१७ इरानी र १९ पाकिस्तानी) सहित दुई अपहरण गरिएका माछा मार्ने जहाजहरू समेत उद्धार गरेको छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं.
२०३२/०१/२०

स्वर्गारोहण
२०८०/१०/०६

स्व. शुशिल राज मैनाली

हाम्रो कम्पनीका आधिकारिक बिक्रेता श्री सुलभ ट्रेडर्स, निजगढका प्रोप्राइटर स्व. **शुशिल राज मैनाली** ज्यू को असामयिक निधन भएको हुँदा दिवांगत आत्माको चिरशान्तिको कामना अर्पण गर्दछौं ।

CG ELECTRONICS
परिवार

# प्रसिद्ध बन्दै चितवनको तोरीको तेल



टुडे समाचारदाता

चितवन । तोरी उत्पादनमा अग्रणी जिल्ला चितवनको तोरीको तेल देशैभरि पुग्ने गर्दछ । बाटो प्रयोग गर्ने र यहाँ रोजगारी गर्नेदेखि उपहारका लागिसमेत यहाँको तोरीको तेल देशैभर पुग्ने गरेको छ।

पूर्व-पश्चिम राजमार्ग नजिकै बाइपास सडकमा जिल्ला सहकारी सङ्घले विसं २०५४ देखि नियमित तेल बिक्री गर्दै आएको छ । यतिमात्र होइन जिल्लाका विभिन्न ठाउँमा तोरी पेलेर तेल बिक्री गर्ने गरिन्छ । आफ्नै अगाडि पेलिरहेको तोरीको तेल देखेपछि जो कसैले पनि नियमित भान्छामा प्रयोग गर्ने भएकाले तेल लैजाने गर्दछन् । बजारमा आउने तेल मिसावट हुनसक्ने आशङ्काले यही पेलेको तेल प्रयोग गर्नेको संख्या बढी हुने गरेको छ।

जिल्ला सहकारी सङ्घद्वारा सञ्चालित तोरीको तेल बिक्री केन्द्रबाट वार्षिक ४० हजार लिटर तेल बिक्री हुँदै आएको छ । सङ्घका व्यवस्थापक विनोद खतिवडाका अनुसार यहाँ मुख्यरुपमा जिल्लामा नै उत्पादित तोरीको तेल पेल्ने गरिएको छ । गएका वर्षहरुमा दाङसहित पश्चिमका जिल्ला र वीरगञ्जबाट समेत तोरी आउने गरेको थियो। यस वर्ष भने यहींको तोरीले धानेको उनले बताए।

गत आर्थिक वर्षमा एक हजार ५२ क्विन्टल तोरी ल्याएर तेल उत्पादन गरी बिक्री गरिएको उनको भनाइ छ । वार्षिक रु एक करोड ५० लाख हाराहारीको तोरीको तेल बिक्री हुने गरेको छ । सङ्घका अध्यक्ष भक्तिराम अधिकारीका अनुसार यहाँको तेल जिल्लासँगै धेरै काठमाडौँ जाने गर्दछ । यस्तै पोखरा, हेटौँडालगायत देशका विभिन्न ठाउँमा तेल पुग्ने गरेको उनले जानकारी दिए।

उनले भने, "आफ्नै आँखा अगाडि तोरी पेल्ने हुनाले शुद्ध तेलका लागि जो कोही यहाँ आउने गर्दछन् ।" रोजगारीको सिलसिलामा यहाँ रहेकाहरु, बाटो यो परेर अन्यत्र जानेहरु, राजधानीलगायत ठाउँमा भएकालाई उपहारका रुपमा समेत तेल लैजाने गरेको उनले बताए।

सङ्घले तेल प्रतिलिटर रु तीन सय ५० मा बिक्री गर्दै आएको छ। सहकारीहरुका लागि प्रतिलिटर रु १० छुट दिने गरिएको छ। भरतपुर महानगरपालिका-११ को बाइपास सडक नजिकै वशिष्ठ तेल उद्योग रहेको छ । यहाँ पेलिने तोरीको तेलमध्ये ७० प्रतिशत जिल्लाबाहिर जाने गरेको सञ्चालक कृष्णप्रसाद भट्टराईले बताए । उनका अनुसार धेरै काठमाडौँ, पोखरा, गोरखा, तनहुँ, लमजुङ, मकवानपुर, धादिङलगायत जिल्लामा जाने गर्दछ । उनले भने, "स्थानीय बजारमा ३० प्रतिशत तेल जान्छ भने बाँकी ७० प्रतिशत बाहिरी जिल्लामा जाने गरेको छ।"

तोरीको तेल प्रत्यक्ष रुपमा पेलेर दिइने भएकाले विश्वास जित्न सकेको भट्टराईले बताउनुभयो । जिल्लाका अन्य ठाउँमा पनि निजी क्षेत्रबाट उद्योगका रुपमा तेल मिल सञ्चालनमा रहेका छन् । बाहिरबाट आउने तेलमा मिसावट हुनसक्ने भन्दै पछिल्ला दिनमा प्रत्यक्ष रुपमा पेलेर बिक्री गर्ने तोरीको तेलमा आकर्षण बढेको छ । चितवन तोरीका लागि प्रख्यात जिल्लाका रुपमा चिनिन्छ । पछिल्ला वर्षमा यहाँ तोरीको क्षेत्रफलसँगै उत्पादन बढ्दै गएको छ।

# बजेट अभावले एक सय ३१ खानेपानी योजना अलपत्र



टुडे समाचारदाता

अर्घाखाँची । जिल्लामा चालु वर्ष निर्माण सम्पन्न हुने झन्डै एक सय ३१ खानेपानी आयोजना बजेट अभावका कारण अलपत्र परेका छन् । क्रमागत ५८ वटा खानेपानी योजनामा यस वर्ष आएको बजेटभन्दा बढी रकमको काम विगत वर्षमै उपभोक्ता समितिले सम्पन्न गरिसकेका छन् तर रकम भने पाउन सकेका छैनन् ।

क्रमागत ५८ वटा योजनामा विगतका वर्षमै रु १० करोड ५१ लाखको काम सम्पन्न भए पनि रकम अभावले विगत वर्षको पनि रकम भुक्तानी गर्न नसकिएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख इन्जिनियर रामभरोस यादवले बताए।

चालु वर्षमा विभिन्न विभिन्न आयोजनाका लागि रु ११ करोड ६५ लाख आएको छ । गत बर्षमै काम गरेका ५८ योजनाको रकम भुक्तानी गर्नका लागि रु १० करोड ५१ लाख बाँकी भएकाले योजनाहरु अलपत्र परेका हुन् । जिल्लामा रहेका सबै योजना सम्पन्न गर्न रु तीन अर्बभन्दा बढी लाग्छ तर खानेपानी योजनाका अघिल्लो वर्षमा भएका कामको पनि रकम भुक्तानी गर्न नसकिएपछि समस्या सिर्जना भएको उक्त कार्यालयले जनाएको छ।

अघिल्ला वर्षहरुमा सम्पन्न भएका योजनाको भुक्तानीका लागि आवश्यक बजेट निकासा गर्न लुम्बिनी प्रदेश सरकारको खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयमा पटकपटक पत्राचार गर्नाका साथै मन्त्रालयमै गएर ध्यानाकर्षण गराउँदा पनि रकम निकासा हुन नसकेको प्रमुख यादवको भनाइ थियो । रकम पाउन नसकेपछि गाउँका योजनाहरु अलपत्र छन् । खानेपानी योजनाको काम गाउँका उपभोक्ताहरु मिलेर गरेकामा रकमको अभावका कारण पूरा गर्न नसक्दा निर्माणाधीन आयोजना अलपत्र परेका हुन्। केही संरचना जीर्ण बनेको शीतगङ्गा-१० का हिम्मत पोखेलले बताए।

जिल्लामा साना र ठूला गरी झन्डै एक सय ३१ खानेपानीका आयोजना प्रदेश सरकारमार्फत निर्माणाधीन अवस्थामा छन् । डिभिजन प्रमुख यादवले भने, "अधिकांश खानेपानी योजनाको लागत रु एक करोडभन्दा बढी हुन्छ तर बजेट रु चार/पाँच लाख मात्रै विनियोजन हुनेगर्छ। थोरै पैसाले काम हुन सक्दैन खानेपानीको ट्याङ्की बनाउँदा बनाउँदै बीचमा छोड्न पनि मिल्दैन पाइप पनि बीचमा छोड्न मिल्दैन उपभोक्ताले छिटो काम गरेर खानेपानी खान चाहन्छन् तर बजेट कम भएपछि उपभोक्ताले केही बढी काम गरे पनि अहिले बजेट नआएपछि धेरै योजना अलपत्र परेका हुन्।"

अर्घाखाँची र प्यूठानमा खानेपानी आयोजनामा गर्नुपर्ने निर्माणका संरचनाहरु बनिसकेकाले कामको रकम भुक्तानीका लागि सचिवस्तर तथा मुख्यमन्त्रीस्तरमा पटक-पटक छलफल भए पनि निष्कर्षमा पुग्न नसकिएको वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालयका महाशाखा प्रमुख इन्जिनियर गुणानिधि पोखेलले बताए। उनले भने, "समस्या कसरी समाधान गर्ने, रकम भुक्तानी कसरी गर्ने भन्ने विषयमा पटकपटक छलफल गरेका छौँ तर निचोडमा पुग्न सकिएको छैन्।"

लुम्बिनी प्रदेश सरकारबाट बजेट उपलब्ध नहुँदा आयोजनाका काममा असर परेको विषयलाई लिएर जिल्लाका राजनीतिक दलका नेताहरुले समेत मुख्यमन्त्री डिल्लीबहादुर चौधरीको ध्यानाकर्षण गराएको नेपाली कांग्रेसका जिल्ला सचिव कृष्णप्रसाद खनालले बताए । खानेपानी डिभिजन कार्यालयका सूचना अधिकारी गोविन्दप्रसाद आचार्यका अनुसार सबै आयोजना सम्पन्न गर्न चालु वर्षको दररेटअनुसार करिब तीन अर्ब बजेट आवश्यक पर्दछ । मन्त्रालयबाट आउने बजेट बर्सेनि घट्दै आएको छ।

प्राप्त स्रोतका अनुसार सबै आयोजना आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुनुपर्ने हो । आयोजनाको लागत अनुमानका आधारमा काम गर्न बर्सेनि कम्तीमा रु ५० करोड रकम आवश्यक पर्ने भए पनि चालु आर्थिक वर्षमा झन्डै रु १३ करोड मात्रै आएको छ । चालु आवमा आवश्यक बजेटको पाँच प्रतिशत बजेट पनि उपलब्ध छैन । हामीले सबै काम द्रुतगतिमा गर्छौं भनेर मात्रै भएन । रकम अभावले काम रोकिएका छन्। सबै आयोजना पाइपलाइनमै छन् । बजेट अभावका कारण काम अघि बढाउन नसक्दा थुप्रै आयोजना सम्पन्न नहुँदै भग्नावशेषमा परिणत हुने अवस्था आएको डिभिजन प्रमुख यादवको भनाइ थियो।

# दुई करोडभन्दा बढीको सुन्तला बिक्रीको लक्ष्य



टुडे समाचारदाता

धुलिखेल। काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-४ बाट मात्रै यसवर्ष र दुई करोडभन्दा बढीको सुन्ताल निर्यात गर्ने लक्ष्य लिइएको छ। यस वर्ष सुन्तलाको बोटमा राम्रो फल लागेपछि रु दुई करोडभन्दा बढीको सुन्तला बिक्री हुने अनुमान गरिएको बेथानचोक गाउँपालिका-४ का वडाध्यक्ष कृष्णबहादुर लामाले बताए।

उनले वडा नं-४ पालिकामै राम्रो सुन्तला उत्पादन हुने क्षेत्र भएको बताए । उनका अनुसार सो वडाको धर्मशाला, कार्कीगाउँ, खड्का गाउँ, सिम्ले सञ्जेलगाउँ, लामागाउँ, पाखिनगाउँ लगायतका स्थानमा सुन्तला राम्रो फलेको छ। यहाँका किसनाको मुख्य आम्दानीको स्रोत नै सुन्तला हुने गरेको छ।

"मैले वार्षिक रु एक लाख ५० हजारभन्दा बढीको सुन्तला बिक्री गर्दै आएको छु", वडाध्यक्ष लामाले भने, "यसवर्ष मात्रै एक लाख ७२ हजारको बिक्री गरेको छु, अझै केही टिप्न बाँकी छ।" भूकम्पपछिका पछिल्ला केही वर्षमा सुन्तला उत्पादनमा ह्रास आएको भए पनि यस वर्ष निकै राम्रो फलेको उनले बताए। केही वर्ष अगाडि बोट सुक्ने र कीरा लाग्ने समस्या रहेकोमा पालिकाको कृषि शाखाबाट गतवर्ष कीटनासक औषधि छर्नका लागि अनुदान पाएपछि यसवर्ष राम्रो फलेको उनको भनाइ छ।

गाउँपालिका उपाध्यक्ष तारा राना तिमल्सिनाले गाउँपालिकाका-४ लगायत अन्य वडामा पनि किसानले राम्रो सुन्तला उत्पादन गर्दै आएकाले पालिकाले गत वर्षदेखि सुन्तला प्रबर्द्धनका लागि कृषि शाखामार्फत आवश्यक सहयोग गर्दै आएको बताए । "गतवर्ष किसानका लागि कीटनासक औषधि छर्नका लागि केही सहयोग गर्‍यौँ, जसबाट यसवर्ष सुन्तला राम्रो उत्पादन भएको पाएको छु", उनले भने, "किसानको उत्साह र उत्पादन भएको सुन्तलाबाट राम्रो आम्दानी लिनसक्ने भएकाले वडा नं ४ लाई सुन्तलाको पकेट क्षेत्र बनाउने योजनामा पालिका लागिपरेको छ।"

पालिकाले सुन्तला पकेट क्षेत्र बनाउने उद्देश्यले चालु आर्थिक वर्षमा बागमती प्रदेश सरकारबाट सुन्तला प्रवर्द्धन कार्यक्रम लागू हुने गरी रु १० लाख बजेट व्यवस्थापन गरेको उनले बताए । विज्ञ टोलीलाई अनुसन्धान गर्न लगाउने र समस्या समाधान र तथा अझै राम्रो उत्पादनका लागि कसरी अगाडि बढ्न सकिन्छ भनेर विज्ञको सुझावसहित किसानको मागका आधारमा थप योजना बनाउने क्रममा रहेको उपाध्यक्ष तिमल्सिनाले बताए।

गाउँपालिकाका भुग्देउको तावरी, गोलगाउँ, सिउरेनी सिमपानी, म्हेदाम्सु, फापरचौर, लड्कुपौवालगायतका ठाउँमा सुन्तला उत्पादन हुने गरेको छ भने वडा नं १ को झिङ्गे, अलकापुरी सुकुमफेदी लगायतका ठाउँमा पनि सुन्तलाखेती हुँदै आएको पालिकाले जनाएको छ । यहाँ उत्पादन भएका अधिकांश सुन्तला काठमडौं र केही जनकपुरको बजारसम्म जाने गरेको किसान बताउँछन् । फल पाकेपछि बोटमा नै ठेकेदारले आएर खरिद गर्ने गरेको कारण उत्पादन भएको सुन्तला बिक्री गर्ने चिन्ता नरहेको यहाँका किसानको भनाइ छ।


## Invitation for Bids

**Sukhipur Municipality**
**Office of Municipal Executive**
**Sukhipur, Siraha**
**Madhesh Provience, Nepal**
**Date of publication: 2080/10/17**

1. Sukhipur Municipality, Office of Municipal Executive, Sukhipur, Siraha invites electronic bids from eligible bidders for the construction of Projects as listed below under National Competitive Bidding procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Sukhipur Municipality, Office of Municipal Executive, Sukhipur, Siraha or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidding Documents may be downloaded the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Krishi Bikash Bank, Sukhipur, Siraha
   **Name of Office :** Sukhipur Municipality, Office of Municipal Executive, Sukhipur, Siraha
   **Office Code no. :** 801021608
   **Office Account no.:** 1104401464043104
   **Rajaswa (revenue) Shirshak no. :** 11136
5. Pre-bid meeting shall be held at Sukhipur Municipality, Office of Municipal Executive, Sukhipur, Siraha at 2080/11/06 at 2:00 P.M.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00hrs on 2080/11/18. Bids received after this deadline will be rejected.
   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2080/11/18 at the Sukhipur Municipality, Office of Municipal Executive, Sukhipur, Siraha. Bids must be valid for a period as stated in bid data sheet after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as specified below which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   **Name of the Bank:** Krishi Bikash Bank, Sukhipur
   **Name of Office:** Sukhipur Municipality, Office of Municipal Executive
   **Dharauti Khata no. :** 1104401464043023
7. The Employer reserve the right to accept or reject, wholly or partially any or all the bids without assigning reason whatsoever.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.

| Contract no./ID | Description of Works | Bid Security Amount (Nrs.) | Average Annual Construction Turnover of the best 5 years within the last 10 years | Minimum Work experience of similar size and nature | Total Estimated Amount (Without VAT And Contengency) Nrs. | Bid Document Fee (Nrs.) | Bidding Procedure |
|---|---|---|---|---|---|---|---|
| SM/W/01/ 2080/081 | Construction of 15 Bed Municipal Hospital Building, Sukhipur Municipality-8, Siraha. | 6,000,000/- | 155,000,0 00/- | 123,000,000.00 | - | 10,000/- | Single Stage Two Envelope |
| SM/W/02/ 2080/081 | Construction of Healthpost Building, Sukhipur Municipality-2,3,5,7,9&10, Siraha | 2,500,000/- | 43,200,000/- | 52,2000,000.00 | - | 5,000/- | Single Stage Two Envelope |
| SM/W/03/ 2080/081 | Khanepani Hand Pipe Jadan, Sukhipur Municipality, Siraha. | 3,50,000/- | - | - | 129,79,025.61 | 3,000/- | Single Stage One Envelope |
| SM/W/04/ 2080/081 | Khanepani Hand Pipe Jadan ( Dalit tatha Bipanna), Sukhipur Municipality, Siraha. | 3,50,000/- | - | - | 129,41,994.41 | 3,000/- | Single Stage One Envelope |

# नेपाल भारतबीचको सम्बन्ध सुदृढ हुँदैछ : राजदूत श्रीवास्तव




नेपालकालागि भारतीय राजदूत नवीन श्रीवास्तवलाई स्वागत गर्दै वीरगञ्जका उद्योगी व्यवसायी। तस्विर : अनिल

**अनिल तिवारी**

वीरगञ्ज । भारतीय राजदूत नवीन श्रीवास्तवले नेपाल भारतबीचको सम्बन्ध बलियो हुँदै गएको बताएका छन् । वीरगञ्जका उद्योगीव्यापारीहरुसंगको छलफलमा राजदूत श्रीवास्तवले नेपाल भारतबीचको सम्बन्ध विगत भन्दा झन दरिलो बन्दै गएको बताए । राजदूत श्रीवास्तवले भारत र नेपालबीचको आर्थिक, सामजिक, धार्मिक लगायत द्विपक्षीय हकहितका सबै विषयलाई सुदृढ बनाउन आफूले कुनै कसर बाँकी नराख्ने विश्वास व्यक्त गरे ।

वीरगञ्ज उद्योग वाणिज्य संघले मंगलबार स्थानीय उद्योगी व्यवसायीहरु संगको भेटघाट तथा स्वागत कार्यक्रममा राजदूत श्रीवास्तवले सो कुरा बताए। नेपाल भारतबीच आइपर्ने सबै समसामयिक समस्याहरु तदारुक्ताका साथ समाधान गर्ने काम भइरहेको उनले जानकारी दिए । उनले नेपाल भारतबीचको सम्बन्धलाई अझ दरिलो बनाउन सबैखाले सकारात्मक सुझावलाई आत्मसात गरिने बताए।

राजदूत श्रीवास्तवले भने- 'सवैखाले समस्या समाधानको प्रयासहरु भइरहेको छ, नेपाल भारतबीचको कनेक्टि भिटिहरु बढेका छन, नेपालले गर्नु पर्ने र गर्न सक्ने धेरै कुरा छन, जुन नितान्त नेपालको हितमा छ।'

भारतले नेपालसंग खरिद गरेको बिजुली को चर्चा गर्दै राजदूत श्रीवास्तवले भने-'पहाडी क्षेत्रमा ट्रान्समीसन लाइन बिस्तार गर्न सकिएको छैन, जुन भारतमा बिजुली खरिदको लक्ष्य पूरामा बाधक बन्न सक्छ, जसले गर्दा नेपाललाइ दैनिक १० करोडसम्म नोक्सान हुन सक्छ ।' यसतर्फ सकारात्मक अग्रसरताको आवश्यकता रहेको उनको भनाइ थियो। जनकपुरधाम-कुर्था रेल्वे पनि दक्ष जनशक्तिको कमीले क्षमता अनुसार चल्न नसकेको बताउदै उनले भारत जनशक्ति उत्पादनको लागि सहयोग गर्न तयार रहेको बताए।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले रक्सौल एयरपोट सञ्चालन गर्न आग्रह गर्दै यसतर्फ भारत सरकारको ध्यानाकर्षण गराए । कार्यक्रममा होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जका अध्यक्ष हरि पन्तले भारतीय पाँच सयको नोटको नेपालमा लगाइएको प्रतिबन्धले भारतीय पर्यटकहरुलाई ठूलो समस्या भइरहेको गुनासो व्यक्त गरे।

# प्रसूतिगृहको भौतिक संरचना जीर्ण

**टुडे समाचारदाता**

सिरहा । सिरहाको गोलबजार नगरपालिका-६ स्थित प्रसूतिगृहको भौतिक संरचना जीर्ण भएको छ । जस्ताले छाएको सो प्रसूति गृहमा वर्षामा दबदबे हिलोमा उभिएर र हिउँदमा धुलैधुलोमाथि प्रसूति गराइने गरिइएको छ । प्रसूति गृहको जस्तापाता खियाले खाएर ठाउँठाउँमा प्वाल परेको छ भने टहराको वरिपरि वनमाराको घारी छ।

प्रसूतिगृहमा कार्यरत सिनियर अनमी मिश्रीकुमारी श्रेष्ठका अनुसार वर्षायाममा पानी चुहिएर सुत्केरी र नवजात शिशुको आङमा पानीको थोपा खस्ने गर्छ । भुइँ हिलाम्मे भई स्वास्थ्यकर्मी दबदबे हिलोमा उभिएर प्रसूति गराउँछन् । उनले भने-'वैशाखमा टन्टलापुर घाम र उखरमाउलो गर्मी हुन्छ। जस्तापाता तातिएर उखुम हुन्छ। नजिकै सडक भएकाले सवारीसाधन आवतजावत हुँदा हिउँदमा निस्सासिँदो धुलो उठ्ने गर्दछ ।' स्वास्थ्यकर्मीले गर्भवती र नवजात शिशुको ज्यान जोखिममा राखेर सुत्केरी गराउनु पर्ने अवस्था छ।

'सुत्केरी र नवजात शिशुलाई भित्र राख्नै सकिँदैन', उनले भनिन्-' प्रसूति गृह वरिपरि वनमारा र घाँसपातको घारी छ। गर्मी र वर्षाको समयमा विषालु सर्प भित्रैसम्म आइपुग्छ । हामी स्वास्थ्यकर्मी लठ्ठी लिएर सर्प धपाउन चनाखो भएर बस्नुपर्छ ।' अनमी श्रेष्ठका अनुसार यस प्रसूतिगृह दुई-चार वर्ष पहिल्यैदेखि नै यस्तो अवस्था रहँदै आएको छ, यसको स्तरोन्नति गर्न गोलबजार नगरप्रमुख श्यामकुमार श्रेष्ठलाई जानकारी गराइएको भएता पनि समाधान हुनसकेको छैन।

विसं २०६३ देखि यस प्रसूति गृहमा कार्यरत सिनियर अनमी निरीक्षक सविता शाक्य पञ्जियारको पनि उस्तै गुनासो छ । वर्षौंदेखि बेहाल रहेको भवनबाट सेवा गर्न बाध्य भएको उनको भनाइ छ। 'प्रसूति गृहको एउटा सानो वैकल्पिक टहरो पनि लोकमार्ग विस्तारका कारण भत्काइयो । यो सानो टहरोभित्र दुईवटा शैय्या राखिएको थियो । यो टहरो भत्काइएका कारण शैय्या झिकेर कौसीमा राख्नुपरेको छ', उनले भनिन्-'वर्षामा बाछिटा र जाडोमा सिरेटो सहेर भए पनि सुत्केरी आमालाई यही शैय्यामा सुताउनुपर्छ।'



गोलबजार स्वास्थ्यचौकीका प्रमुख सत्यनारायण यादवले जीर्ण प्रसूतिगृहको भौतिक संरचना सुधार तथा सुविधासम्पन्न ठाउँमा स्थानान्तरणको लागि पटक-पटक पहल गरेता पनि केही प्रगति हुन नसकेको गुनासो गरे। 'प्रसूति गृहको मुख्य टहरो पनि ज्यादै साँघुरो छ। कोठामा छिर्ने ढोका नै साँघुरो छ। नागबेली परेर बल्लतल्ल भित्र छिर्न सकिन्छ । सुत्केरी हुन आउने आमालाई शैय्यासम्म लैजान कठिन हुन्छ । चालीस स्क्वायर फिटको कोठामा शिशुलाई न्यानो राख्ने हिटर, लेवर शैय्या, सुत्केरी भएपछि सुताउने शैय्या, अक्सिजन सिलिन्डर, सक्सन मेसिन र अन्य उपकरण राख्नुपरेको छ । दुईजना स्वाथ्यकर्मी र एकजना सुत्केरी व्यथाले च्यापेको आमालाई ओल्टोकोल्टो फर्किनै कठिन हुन्छ', उनले भने-'नालाको पानी बगेर प्रसूति केन्द्रकै अगाडि जम्छ । कुनै निकास छैन । फोहर पानी टेकेर भित्र पस्नुपर्छ । साह्रै सास्ती छ । सम्बन्धित निकायको पटकपटक ध्यानाकर्षण गराएका छौं, तर कुनै सुधार हुँदैन।'

एकजना मात्र प्रसूति आमा हुँदा त जेनतेन सेवा दिइने तर यदाकदा दुई-तीनजना थपिँदा कहाँ राख्ने भन्ने समस्या हुने गरेको स्वास्थ्यकर्मीको गुनासो छ। प्रसूति केन्द्र २४सैं घण्टा खुला राख्नुपर्ने हो तर स्वास्थ्यकर्मीले टुसुक्क बस्ने ठाउँ पनि छैन । पाले सुत्ने खाटमा अहिले 'अल्ट्रासाउण्ड' गरिन्छ । स्वास्थ्यकर्मी रातको समयमा डेरामा बस्छन् । सेवाग्राही प्रसूति आमा आउँदा स्वास्थ्यकर्मी बोलाउन डेरासम्म पुग्नुपर्छ । प्रसूति गृहमा बत्ती गएका बेला बाल्ने वैकल्पिक साधन छैन। कहिलेकाहीँ टर्च बालेर सुत्केरी गराउनुपर्छ।

नेपाली कांग्रेस गोलबजार नगरसभापति राजदेव साह सुत्केरी गराउने स्थानमा यस प्रकारको समस्या हुनु लज्जाको विषय भएको बताए। उनले भने-'प्रसूति सेवाको यो हालत छ, लज्जास्पदभन्दा पनि जनताको स्वास्थ्यसँग हदैसम्मको खेलवाड गरिएको छ। नगरपालिका गोलबजारको ध्यान जानुपर्ने हो ।' सभापति साहका अनुसार गोलबजारबाट प्रसूति सेवा लिन २० किलोमिटर पूर्व लहान जानुपर्ने बाध्यता छ। साठी हजारभन्दा माथि जनसंख्या भएको गोलबजार नगरपालिकामा एकजना 'एमबिबीएस' चिकित्सक छैनन्।

हालैस्वास्थ्य सेवा विभागले सो प्रसूति गृहलाई 'अल्ट्रासाउण्ड मेसिन' प्रदान गरेको थियो । त्यो पनि सञ्चालनमा नआई बिग्रिएको छ। सि अनमी निरीक्षक शाक्यले भने-'मैले तालिम त लिएर आएँ, तर मेसिन त बिग्रेको आएछ । कसरी काम गर्ने ? नगरपालिकालाई जानकारी गराएको छु। अहिलेसम्म कुनै वास्ता गरिएको छैन।'

स्थानीय ७५ वर्षीय उद्धवबहादुर अधिकारीका अनुसार यो टहरो तत्कालीन सडक विभागले सुरक्षाकर्मी राख्न बनाएको थियो। सडक विभागले खाली गरेर वर्षौंदेखि रित्तो रहेको टहरोलाई सफा गरेर तत्कालीन अवस्थामा प्रसूति गृह बनाइएको बताइएको छ। तीस वर्ष बित्यो तर प्रसूति गृहको जीर्णोद्धारसमेत भएन । "२१औं शताब्दीमा बाख्रा गोठजस्तो टहरामा प्रसूति सेवा सञ्चालन भइरहेको छ", उनको भनाइ थियो।

गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले भने उक्त प्रसूति गृहमा जग्गाको विवाद भएकाले मर्मतसम्भार गर्न नसकिएको जानकारी दिए । उनका अनुसार नगरपालिकाले प्रसूति गृहलाई अन्यन्त्र स्थानान्तरण गरिने प्रक्रिया सुरु गरेको छ। तर स्थानीयले भने नगरपालिकाले धेरै पहिलादेखि यस्तो आश्वासनमात्र दिएको र जनताको आँखामा छारो हाल्ने काम भएको टिप्पणी गरेका छन्।

विसं २०५० मा स्थापना भएको यस प्रसूति गृह गोलबजार स्वास्थ्यचौकी मातहतमा छ। महिनामा करिब एक सय ५० गर्भवतीको स्वास्थ्य परीक्षण र २५ देखि ३० जनालाई प्रसूति सेवा प्रदान गरिएको दर्ता रजिष्ट्रमा देखिन्छ। तत्कालीन समयमा यस प्रसूतिगृह स्थापना गर्न पहल गरेका ७४ वर्षीय समाजसेवी रामजी यादवले भग्नावशेष प्रसूतिगृहको बिजोग अवस्था देखेर आफूलाई चिन्ता लागेको बताए । उनले भने-'तीस वर्षअघि हामीले जस्तो स्थापना गरेका थियौं, आज पनि त्यस्तै अवस्थामा रहेछ । कुनै सुधार भएको रहेनछ। प्रसूतिगृहको यो अवस्था देखेर मनमा असाध्यै पीडावोध हुन्छ।'

# लागूऔषधसहित दुई युवक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। सर्लाही सदरमुकाम मलङ्गवाबाट प्रहरीले लागूऔषधसहित दुई युवकलाई पक्राउ गरेको छ।

मलङ्गवा नगरपालिका-८, स्थित मुख्य बजार क्षेत्रमा कोठा भोडा लिएर लागूऔषधको कारोवार हुने गरेको सूचना पाएर जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले लागूऔषधसहित दुई युवकलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा मलङ्गवा नगरपालिका-८, मा कोठा गरेर बस्ने ३४ वर्षीय मनोज राउत र राउतलाई लागूऔषध ओसारपसार गर्न सहयोग गर्ने मलङ्गवा नगरपालिका-६, का ३२ वर्षीय समसुद्धिन मिकरानी रहेका छन्।

प्रहरीले राउतको कोठा खानतलासी गरी नाइट्रोभेट ट्याब्लेट ११ पत्ता (३१० पिस), कोरेक्स १४ बोतल र




९०० ग्राम गाँजा बरामद गरेको छ। राउत र मिकरानी दुवैलाई जिल्ला प्रहरी कार्यालय मलङ्गवाको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक ओमप्रकाश यादवले जानकारी दिए।

# रेल्वेको तेस्रो खण्डको कामले गति लिँदै

**टुडे समाचारदाता**



जलेश्वर । भारतको जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म जयनगर बर्दिबास रेल्वेको तेस्रो खण्डको काम थालिएको छ। जयनगरदेखि धनुषाको कुर्था र कुर्थादेखि महोत्तरीको भङ्गाहासम्म क्रमशः पहिलो र दोस्रो खण्डको काम सकिएर सेवा प्रारम्भ भएपछि नेपाल रेल्वे कम्पनीले यो आयोजनाको तेस्रो खण्डको काम थालेको छ।

तेस्रो खण्डमा भङ्गाहादेखि बर्दिबाससम्म १७ किलोमिटर दूरीमा अहिले काम थालिएको छ । जम्मा ६९ किलोमिटरको यो आयोजनालाई तीनखण्डमाविभाजनगरिएकोथियो। पहिलो जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर र दोस्रो कुर्थादेखि भङ्गाहासम्म १७ किलोमिटर दूरीसहित जम्मा ५२ किमीभित्र निर्माण सम्पन्न भएर हाल रेल सेवा सञ्चालनमा ल्याइएको छ । दुई खण्डको काम सकिएर सेवा सञ्चालनमा ल्याएपछि अब तेस्रो खण्डको काम थालिएको छ।

तेस्रो खण्ड (भङ्गाहादेखि बर्दिबास खण्ड)को १७ किमी दूरीभित्रको कामको प्रारम्भिक चरणमा मुआब्जा वितरण अन्तिम चरणमा पुगेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झा बताउँछन् । "तेस्रो खण्डको मुआब्जा वितरण अन्तिम चरणमा छ," उनी भन्छन्, "मुआब्जा वितरण सकिनासाथ निर्माण कार्य अघि बढ्छ ।" यस खण्ड (तेस्रो खण्ड) मा पर्ने एक सय २३ बिघा जग्गामध्ये ८० प्रतिशतभन्दा बढीको मुआब्जा वितरण भइसकेको कम्पनीले जनाएको छ। तेस्रो खण्डमा महोत्तरीका भङ्गाहा र बर्दिबास (साबिक किसाननगर र बर्दिबास गाविस) एवं धनुषाको मिथिला (साबिक बेङ्गाडावर गाविस) नगरपालिकाका जग्गा पर्छन्।

यस खण्डमा मुआब्जा दिएर अधिग्रहण गरिएका जग्गामा अहिले सर्वेक्षण गरिँदैछ। भारत सरकारको सहयोगमा निर्माण भइरहेको यो आयोजनाको तेस्रो खण्डमा अहिले नेपाल भारतका प्राविधिकको संयुक्त टोलीले सर्वेक्षणका काम गरिरहेका महाप्रबन्धक झाको भनाइ छ । यस खण्डमा परेका जग्गाभित्रका संरचना र बालीनाली खाली गर्न सम्बद्ध यसअघिका जग्गाधनीलाई सूचना जारी भइसकेको र त्यसअनुसार घरबाहेकका धेरैजसो जग्गा खाली भएका छन् । अब घरसहित संरचना भएका ठाउँको मुआब्जा दिएर खाली गराइने छ।

सन् २०१० मा तत्कालीन राष्ट्रपति डा रामवरण यादवको भारत भ्रमणका क्रममा भएको द्विपक्षीय सम्झौताअनुसार यहाँरेल्वे सेवा विस्तारको काम थालिएको छ।

सोअनुसार पहिलो खण्डमा विसं २०७८ चैत ११ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरुपमा उद्घाटन गरेपछि जयनगरबाट कुर्थासम्म ३५ किलोमिटर रेल सेवा सञ्चालनमा आएको थियो।

त्यतिखेर राष्ट्रपति डा यादवको भारत भ्रमणका अवसरमा जयनगरदेखि बर्दिबास, भारतको पश्चिम बङ्गालको जलपाइगोडीदेखि काकडभिट्ठा, भारतको विहारमा पर्ने बथनाहादेखि विराटनगरसम्म, भारतको उत्तरप्रदेशको नौतनमादेखि भैरहवासम्म र भारतको उत्तरप्रदेशकै रुपैडिहादेखि नेपालगञ्जसम्मको सेवा विस्तार गरिने सम्झौता भएको थियो । जयनगर बर्दिबास रेल्वे विस्तारको निर्माण भारतीय सरकारको स्वामित्वमा रहेको इकन कम्पनीले गर्दैछ । यी रेल्वे सेवा विस्तारका लागि नेपाल सरकारले जग्गा उपलब्ध गराएको छ।

सम्झौतामा नेपालले जग्गा उपलब्ध गराउने उल्लेख भएअनुसार जग्गाको मुआब्जा नेपाल सरकारले दिँदै आएको छ भने निर्माण कार्य सम्झौताअनुसार भारत सरकारले गर्दै आएको छ।

# 'समुदायमा जाऔं, जनताका कुरा सुनौं'

**टुडे समाचारदाता**

जनकपुरधाम । 'समुदायमा जाऔं, जनताका कुरा सुनौं' नारासहित नेपाली कांग्रेसले मंगलबारदेखि मधेश प्रदेशमा अभियान सुरु गरेको छ।

प्रदेशको पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लाका वडा-वडामा उक्त अभियान सुरु गरेको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरु पर्सा किरण यादब , बारा अनिल रुङ्टा, रौतहट अजय सिवाकोटी, सर्लाही गणेश लामा, महोत्तरी पदम नारायण चौधरी, धनुषा राजिव ढुंगाना, सिराहा अमृत अर्याल र सप्तरी लक्ष्मी खडिवडा केन्द्रबाट खटिएका केन्द्रीय सदस्यहरुको नेतृत्वमा कांग्रेसका नेताहरु वडा-वडामा गएर भेटघाट तथा विभिन्न कार्यक्रम गरिरहेका छन्।

उक्त अभियानमा मधेश कांग्रेस प्रतिनिधि खटाएको प्रदेश सदस्यहरु, जिल्लाका पदाधिकारीहरु, नगर सभापति, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधिहरु, पूर्व पधिकारी, संगठनका जिम्मेवार पदाधिकारीहरुलाई खटाइएको छ।

२६ गते सम्म चल्ने उक्त अभियान अन्तर्गत जनताका अपेक्षा, सुझाव र गुनासा संकलन गर्ने त्यसको समाधानका लागि सक्दो प्रयास गर्न नेताहरुलाई पार्टीका महामन्त्री गगन थापाले निर्देशन समेत दिएका छन् । महामन्त्री थापा आफै पनि विभिन्न जिल्लाहरुमा सहभागी हुने कार्यक्रम रहेको नेपाली कांग्रेसका सूचना संचार तथा प्रचार प्रसार विभागमा मधेश प्रदेश प्रमुख नितेश गुप्ताले जानकारी दिए।

वडामा रहेका पार्टी कार्यकर्ता, अन्तरपार्टीका साथीहरु, नागरिक समाज, किसान समूह, आमा समूह, वन उपभोक्ता समूह, शिक्षक, प्राध्यापक, समाजका अगुवा, स्थानीय सरकारका वडा कार्यालयबाट प्रवाह भइरहेका सेवा एवं सुविधाहरु सम्बन्धमा प्रत्यक्ष रुपमा नागरिकहरु संग सम्वाद गर्ने, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबाट पाइरहेका सेवा सुविधाहरु बाहेक कस्ता कस्ता सेवाहरु पाउनुपर्ने हो त्यस बारे सटिक जानकारी प्राप्त गरेर नागरिकका समस्या समाधान गराउनमा नेपाली कांग्रेस सहायक भूमिका निर्वाह गरेमा मात्रै पार्टी प्रति जनविश्वास बढ्ने केन्द्रीय कार्यालयको मान्यता रहेकाले उक्त अभियान संचालन गरिएको गुप्ताले बताए।

त्यसैगरि, अभियानलाई प्रभावकारी बनाउन नेपाली कांग्रेस मधेश प्रदेशका उप-सभापति चन्द्रशेखर कुमार यादब र मधेश प्रदेशका उप-सभापति वीरेन्द्र प्रसाद सिंहलाई समेत खटाइएको छ।

# कस्मेटिक सामान र जुत्ता बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका १६ स्थित भुटनदेवी मन्दिर नजिकैबाट माघ १६ गते सशस्त्र प्रहरीले करिब ३६ लाख ४० हजार रुपैयाँ बराबरको चोरी पैठारीको कस्मेटिक सामान र जुत्ता बरामद गरेको छ।

सशस्त्र प्रहरी निरीक्षक दिलकुमार श्रेष्ठका अनुसार भारतबाट अवैध रूपले साइकलहरूमा राखी ल्याउँदै गरेको कस्मेटिक सामान र जुत्ता प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जले बरामद गरेको छ। उक्त सामान ल्याउने व्यक्तिहरू भने फरार भएका थिए।

## समाचारदाता चाहियो

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ।

इमेल : jtodaynews@gmail.com

## आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८